# परिच्छेदः एक

## परिचय

### १.१ अध्ययनको पुष्ठभूमि

नेपाल राष्ट्रिय शिक्षा योजना आयोग २०११ ले विद्यालय व्यवस्थापनमा समुदायको भूमिकालाई महत्व दिएको थियो । विद्यालयको व्यवस्थापनका लागि चन्दा, सहयोग जुटाउने, शिक्षक तलबको व्यवस्था गर्ने, भौतिक निर्माण तथा मर्मतमा समुदायको प्रत्यक्ष सहभागिता हुनुपर्ने कुरालाई पनि विशेष जोड दिइएको थियो ( शर्मा,२०६०)।

नेपालको शिक्षा विकास प्रक्रियामा २०२८ पूर्वको स्थिति हेर्दा विद्यालयहरु समुदायद्वारा समुदायकै प्रयासमा स्थापना एवं व्यवस्थापन हुँदै आएका थिए । वि.सं.२०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भईसकेपछि विभिन्न किसिमबाट समुदायलाई विद्यालयको व्यवस्थापनमा सहभागी गराउने प्रयास भए पनि त्यसमा उल्लेख्य सफलता हासिल हुन सकेन (शिक्षा विभाग २०६३)।

आम जनतालाई आधारभूत शिक्षा प्रदान गर्ने उद्देश्यले २०२८ साल देखि पाँच चरणमा राज्यले राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू गऱ्यो । समुदायबाट सञ्चालन भइरहेका विद्यालयहरुलाई पनि राष्ट्रियकरण गरियो । समुदायलाई शिक्षामा संलग्न गराइएन फलस्वरुप सरकारी विद्यालयहरुको शिक्षाको स्तर खस्कन थाल्यो । विद्यालयशिक्षामा समुदायको संलग्नता घट्दै गएपछि सरकारले निजी क्षेत्रलाई प्रोत्साहित गर्न २०३६ सालपछि  निजी विद्यालय खोल्ने अनुमति दिन थाल्यो ( पौडेल,२०४९)।

शिक्षाको गुणस्तरवृद्धि र पहुँचअभिवृद्धि गर्न धेरै प्रयासहरु भएतापनि अपेक्षित उपलब्धि हासिल नभए पछि राज्यले सामुदायिक विद्यालयको व्यवस्थापन समुदायलाई नै दिँदै जाने नीति लिएको छ । यसरी समुदायले व्यवस्थापन जिम्मा लिएपछि भौतिक व्यवस्थापन र सिकाई उपलब्धिमा प्रभावकारी सुधार आउने अपेक्षा गरिएको छ । विद्यालय सञ्चालनमा समुदायको सहभागिता अभिवृद्धि गर्ने, विद्यालयको भौतिक पूर्वाधार निर्माणमा सहयोग हुने र विद्यालय आउन वञ्चित भएका वालवालिकालाई विद्यालय ल्याउन प्रोत्साहन मिल्ने अपेक्षा गरिएको छ (वजेट वक्तव्य,२०५९/०६०)।

हाल समुदायले विद्यालयको स्रोतपरिचालनमा चासो नदेखाएको कारणबाट सामुदायिक विद्यालयमा पूर्ण जिम्मेवारीका साथ विद्यालयको सही व्यवस्थापन हुन सकेन । सरकारी विद्यालयहरु गरिबका छोराछोरी पढ्ने र निजी विद्यालयहरु धनीका छोराछोरी पढ्ने विद्यालयका रुपमा स्थापित हुन पुगे । विद्यालयको पहुँच बाहिर २० प्रतिशत भन्दा पनि बढी संख्यामा रहेका वालवालिकाहरुलाई विद्यालयमा ल्याउन शिक्षक तथा अभिभावकका तर्फवाट प्रभावकारी सक्रियता देखिएन । विद्यालयमा रहेका भौतिक स्रोतको संरक्षण स्थानीय स्रोत र साधनको समुचित प्रयोग र परिचालन, विद्यालयमा हुने शैक्षिक क्रियाकलापलाई मैत्रीपूर्ण बनाउने, सिकाइ उपलब्धि स्तरवृद्धि गर्ने जस्ता लक्ष्यहरु प्राप्त हुन सकेनन् (भण्डारी,२०६१)।

सार्वजनिक विद्यालयहरुको व्यवस्थापनमा समुदायको भूमिका अझै सुदृढ पार्ने र शैक्षिक गुणस्तरअभिवृद्धि गर्ने उद्देश्यले सरकारले यस्ता विद्यालयहरुको व्यवस्थापन गर्ने जिम्मा समुदायलाई नै दिने नीति अगाडि सारेको छ । यसै नीति अनुसार समुदायद्वारा व्यवस्थापन हुने विद्यालय सञ्चालन कार्य निर्देशिका २०५९ को संशोधित नियमावली २०६३ तेस्रो पटक संशोधन भइसकेको छ । संशोधित नियमावलीले विद्यालय व्यवस्थापनमा सरोकारवालाहरुलाई वढी जिम्मेवारी वोध गराई विद्यालयको आर्थिक, शैक्षिक, भौतिक र विद्यार्थी भर्नादरमा वृद्धि गरी नेपाल सरकार र दातृनिकायहरुबाट प्रोत्साहन अनुदान प्राप्त गरी विद्यालयको विकास गर्ने र विद्यालय शिक्षाको घेराबाट वाहिर रहेका विद्यार्थीलाई विद्यालयमा भर्ना गर्न प्रेरित गर्ने कार्यक्रमहरु उल्लेख गरिएको छ । आ.व. २०६०/०६१ देखि नै उल्लेख्य संख्यामा सार्वजनिक विद्यालयहरु समुदायद्वारा व्यवस्थापन गर्ने गरी जिम्मेवारी हस्तान्तरण गर्ने कार्य सुरु भइसकेको छ । “दशौं पञ्चवर्षीय योजना अवधिभरमा करिव आठ हजार सार्वजनिक विद्यालयहरुको व्यवस्थापन समुदायमा हस्तान्तरण गर्ने कार्यक्रम रहेकोमा वि.सं.२०६४ श्रावण मसान्त सम्ममा विभिन्न तहका ३४०० विद्यालयहरुको व्यवस्थापन समुदायले जिम्मा लिइसकेको छ ” (शिक्षा विभाग,२०६४)।

सामुदायिक विद्यालय सहयोग कार्यक्रम निर्देशिका २०५९ ले निर्धारण गरेको कार्यक्रमको ढाँचा विद्यालय सहयोग कार्यक्रमनिर्देशिका २०५९ ले समुदाय, अभिभावक, शिक्षक र व्यवस्थापन समितिले स्थानीय गैह्र सरकारी संस्था समेतको साझेदारीमा विद्यालय क्रियाकलापको योजना बनाउने, समुदायद्वारा व्यवस्थापन हुने

विद्यालयहरुवीच अनुभवको आदान-प्रदान गर्ने थलोको रुपमा यस्ता विद्यालयहरुको कार्यजालो निर्माण गर्ने, अनुसन्धान सहायतासमूहद्वारा समुदाय र गैह्र सरकारी संस्थालाई सहयोग गर्ने र यस क्रममा सुरुमा एउटा अनुसन्धान सहायतासमूह खडा गरी त्यसमार्फत अरु समूह संयोजन र अनुभव आदान प्रदान गर्ने जस्ता कार्यक्रम ल्याएको छ (सामुदायिक विद्यालय सहयोग कार्यक्रम निर्देशिका, २०५९)।

विद्यालय सहयोगकार्यक्रम अन्तर्गत समुदायमा हस्तान्तरण भएका विद्यालयहरुले विद्यालयको विकासनिर्माण कार्यको लागि अनुदान तथा सहायता प्राप्त गर्न सक्ने सुनिश्चितता निर्धारण भएको छ । विद्यालयको समग्र पक्षको विकासको लागि प्रचलित कानुनको परिधिभित्र रही विद्यालय व्यवस्थापन समितिले आफै प्राथमिकता निर्धारण गरी खर्च गर्न सक्ने गरी विद्यालयलाई दिइने अनुदान प्राप्त हुनेछ, शिक्षाको राष्ट्रिय उद्देश्य परिपूर्तिका लागि तोकिएका क्रियाकलापमा नै खर्च गर्ने गरी विद्यालयलाई दिइने अनुदान र विद्यालयहरुको क्षमतालाई प्रोत्साहन गर्न उनीहरुको उपलब्धिको आधारमा उपलब्ध गराइने अनुदान रहेका छन् । विद्यालयको भौतिक तथा शैक्षिक वातावरणको निर्माण तथा सुधार गर्नको लागि समुदायमा व्यवस्थापन हस्तान्तरण भएका विद्यालयहरुलाई प्रत्येक तह अनुसार एकमुष्ट रु. १,००,०००।–(एक लाख) जिल्ला शिक्षा कार्यालयबाट प्रदान गरिने व्यवस्था रहेको छ । यो रकम विद्यालयको सुधार र निर्माणका लागि निःशर्त खर्च गर्न सकिने व्यवस्था छ (सामुदायिक विद्यालय सहयोग कार्यक्रम निर्देशिका,२०५९)।

विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिन के के गर्ने भन्ने सम्बन्धमा शिक्षा विभागले स्पष्ट धारणा अगाडि सारेको छ । यस अन्तर्गत शिक्षक, प्रधानाध्यापक, वि.व्य.स. र अभिभावकहरुले यस सम्बन्धी कानुनी व्यवस्था र प्रक्रियाको वारेमा स्थानीय संघ संस्था, स्रोतव्यक्ति, जिल्ला शिक्षा कार्यालयसंग जानकारी लिई स्पष्ट धाराणा बनाउने । समुदायले नै विद्यालय व्यवस्थापन गर्ने सम्बन्धमा वि.व्य.स.को बैठक बसी औपचारिक निर्णय गर्ने । विद्यालय विकासको दुईवर्षे कार्ययोजना निर्माण गर्ने । तोकिएको ढाँचामा निवेदन फारम भरी जिल्ला शिक्षा कार्यालयमा दर्ता गर्ने । विद्यालयका प्र.अ. र वि.व्य.स.ले जिल्ला शिक्षा कार्यालयसँग औपचारिक सम्झौता पत्रमा हस्ताक्षर गर्ने, विद्यालय विकासको दुईवर्षे कार्य योजना अनुसार समुदायले विद्यालयको व्यवस्थापन जिम्मा लिएवापत सरकारले प्रदान गर्ने प्रोत्साहन अनुदान

जि.शि.का.वाट प्राप्त गरी खर्च गर्ने र यस्ता प्रकारका विद्यालयहरुलाई सरकारले थप शिक्षक अनुदान, भौतिक निर्माण जस्ता कार्यक्रममा प्राथमिकताका आधारमा सहयोग गर्ने नीति लिएकाले यस्ता कार्यक्रममा भाग लिनका लागि जि.शि.का.सँग सुमधुर सम्बन्ध कायम गर्नुपर्ने उल्लेख गरेको छ (शिक्षा विभाग,२०६४)

## १.२ समस्याको कथन

समुदायको शैक्षिक आवश्यकता  पूरा गर्न विद्यालयहरु खोलिएका हुन्छन् । समुदायको लागि खोलिएका विद्यालयहरुमा समुदायकै सहभागिता गराउन नसक्नु नीति निर्माणपक्षको ठूलो कमजोरी हो । हामी कहाँ वहुसंख्यक अभिभावकहरु आफै औपचारिक शिक्षाबाट वञ्चित छन् । यसकारण पनि राष्ट्रको शैक्षिक विकासमा अभिभावकहरुलाई जति सहभागी बनाउनु पर्ने हो त्यति हुन सकिरहेको छैन । " हाल सम्मको व्यवस्थापन जिम्मेवारी र स्थिति हेर्दा समुदायले तीन प्रकारले जिम्मेवारी लिएको पाइन्छ । क) आर्थिक रुपले कमजोर रहेका र माथिल्लो तहमा निजीस्रोतका शिक्षक राखी संचालनमा रहेका विद्यालयहरु । ख) सक्षम र सक्रिय विद्यालय व्यवस्थापन समितिका पदाधिकारी रहेका विद्यालय । ग) जिल्ला शिक्षा कार्यालय अथवा सरकारी संयन्त्रको पहलमा व्यवस्थापनको जिम्मेवारी प्रदान गरिएका विद्यालयहरु । विद्यालयको व्यवस्थापन हस्तान्तरण गरिने  कार्यक्रमवारे स्थानीय स्तरमा जनचासो कमी देखिन्छ । स्पष्ट नीति र कानुनको अभावमा सरोकारवालाहरु अझै हिचकिचाउने अवस्था छ ।" (शर्मा,२०६२)।

विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिन चाहने विद्यालयलाई प्रोत्साहन अनुदान दिने कार्यक्रम पनि नेपाल सरकारले राखेको छ । आर्थिक वर्ष २०६०/०६१ देखि विश्व बैंकको सहयोगमा तीनवर्षे सामुदायिक विद्यालय सहयोग कार्यक्रम सञ्चालन भयो । यस्ता कार्यक्रमहरुले विद्यालय र समुदायका मानिसहरुमा  जति आर्कषण वढ्नु पर्ने हो त्यो पाउन सकिएन । चर्को शुल्क असुल गरेर पनि निजी विद्यालयहरुले अभिभावकको मन जितेका छन् तर सबै आर्थिक भार सरकारले नै जिम्मा लिएर संचालन भएका सामुदायिक विद्यालयले भने अभिभावकहरुमा सकारात्मक प्रभाव छोड्न नसक्नु चुनौतीको विषय बनेको   छ ।

### १.३ अध्ययनको औचित्य

समुदायको सहभागिता विद्यालयको भौतिक व्यवस्थापनमा महत्वपूर्ण मानिन्छ । समुदायमा व्यवस्थापन हस्तान्तरण गरिएका विद्यालयहरुमा अझ पनि विद्यालयको भौतिक सुविधा पर्याप्त हुन नसक्नु,विद्यालय र समुदायवीचको सम्बन्धमा खासै सुधार नदेखिनु,विद्यालयको भौतिक सुविधा विस्तारमा विद्यालय व्यवस्थापन समितिले खासै योगदान दिननसक्नु  जस्ता समस्याहरु रहेका छन् । विद्यालयको व्यवस्थापन,भौतिक अवस्था, अभिभावक र विद्यालयवीचको सम्बन्ध जस्ता पक्षमा खोजी गरिएको हुनाले यो अध्ययनको औचित्यलाई पुष्टि गर्न सकिन्छ ।

विद्यालय र समुदायको सशक्तीकरणवाट  विकेन्द्रीकरणको नीति अनुरुप विद्यालयको व्यवस्थापन पक्षमा सुधार गरिनु पर्छ भन्ने सोचले व्यापकता पाएको सन्दर्भमा यो अध्ययनले निश्चयनै विषयवस्तुमा विद्यमान ज्ञानमा थप योगदान पुऱ्याउने छ । साथै भविष्यमा यस विषयमा अध्ययन अनुसन्धान गर्न चाहनेलाई समेत सहयोग पुऱ्याउने देखिन्छ ।

यसका साथै शिक्षामा आ.व. २०६०/०६१ देखि सञ्चालित यस कार्यक्रमले सीमित क्षेत्रमा भए पनि कति प्रभावकारिता हासिल गर्न सकेको छ भन्ने तर्फ समेत संकेत गर्न सक्नेछ।

### १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका निम्न उद्देश्यहरु रहेका छन् :

१. समुदायद्धारा व्यवस्थित विद्यालयहरुको भौतिक अवस्था पत्ता लगाउनु ।

२. सामुदायिक विद्यालयहरुको भौतिक अवस्था पत्ता लगाउनु ।

३. विद्यालयको भौतिक अवस्था सुधारमा समुदायको भूमिका अध्ययन गर्नु ।

### १.५अनुसन्धानात्मक प्रश्न

यस अध्ययनको मुख्य अनुसन्धानात्मक प्रश्न यस प्रकार रहेको छ ।

१. समुदायमा व्यवस्थापन हस्तान्तरणले विद्यालयको भौतिक अवस्थामा कसरी फरक पारेको छ ?

## १.६ अध्ययनको  परिसीमा

यो अध्ययन इलाम जिल्लाको कन्याम गा.वि.स.मा रहेका समुदायद्धारा व्यवस्थित  भाग्योदय प्रा.वि. र पञ्चकन्या प्रा.वि. तथा सामुदायिक विद्यालयहरु पञ्चकन्या गा.वि.स.का करफोक प्रा.वि. र कृष्ण प्रा.वि.हरुमा सीमित छ ।

यस अध्ययनमा विद्यालयको भौतिक अवस्था भन्नाले विद्यालय भवन, फर्निचर,सामग्रीहरु, खानेपानी,शौचालय आदिको व्यवस्थापनलाई जनाउँछ । यो गुणात्मक अध्ययन भएकाले यस अध्ययनको निचोड निर्णयात्मक भन्दा सूचनात्मक हुन्छ । तसर्थ यो  निर्णय अन्य विद्यालयको सन्दर्भमा लागु नहुन सक्दछ ।

## १.७ शब्दहरुको परिभाषा

यस अध्ययनको प्रयोजनका निमित्त प्रयोग गरिएका शब्दहरुले निम्न अर्थ राख्दछन्ः–

१. भौतिक अवस्थाले विद्यालयमा विद्यमान भवन, फर्निचर, खेलमैदान, सामग्रीहरु, खानेपानी, शौचालय आदि जनाउँछ ।

२ सामुदायिक विद्यालयले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति  वा  स्वीकृति प्राप्त सरकारी विद्यालय भन्ने जनाउँछ ।

# परिच्छेदः दुई

## सैद्धान्तिक खाका र सम्बन्धित साहित्यको पुनरावलोकन

यस अध्ययनलाई दुई खण्डमा विभाजन गरी पहिलो शीर्षकमा यस अध्ययनसँग सम्बन्धित सैद्धान्तिक खाका र दोस्रो खण्डमा पूर्वसाहित्यको पुनरावलोकन गरिएको छ ।

### २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

TRSE (२००६/०७) ले हिमाली क्षेत्रका १० जिल्ला, पहाडका ४ जिल्ला र तराईका ६ जिल्लाका प्राथमिक ८२५,निम्न माध्यमिक १२३ र माध्यमिक १५२ गरी जम्मा १००० विद्यालयलाई नमूनाको रुपमा छनौट गरी विभिन्न चरणमा अध्ययन सम्पन्न गरेको थियो । अध्ययनले देखाएअनुसार ७२८१ कक्षा कोठामा २,७१,९७९ जना विद्यार्थीहरु बस्ने गरेको देखियो । उल्लेखित तथ्याङ्कले औसत रुपमा प्रतिकक्षाकोठा ३७ जना भन्दा बढी विद्यार्थी रहेको (TRSE पे १०) देखिन्छ । अध्ययनमा प्रति कक्षाकोठा विद्यार्थी समेत उल्लेख गरिएको छ । जसमा पहाडमा २३ जना र तराईमा ५० जना विद्यार्थीले एउटा कक्षाकोठा उपयोग गरेका छन् । जिल्लाको छुट्टाछुट्टै अध्ययनलाई हेर्दा मनाङ जिल्लामा प्रति कक्षाकोठा ५ विद्यार्थी रहेको देखिन्छ भने बाँके जिल्लामा ६० जना विद्यार्थीहरु एउटै कक्षाकोठामा अध्ययन गर्ने गरेको देखिन्छ ।अध्ययनमा यसरी बढी विद्यार्थी संख्या भएका विद्यालयहरुमा अतिरिक्त कक्षाकोठाहरु थप निर्माण गरिनु पर्ने सुझाव दिएको छ । अध्ययनको नमूना छनौटमा परेका ६६० प्रा.वि.हरुमा कक्षाकोठामा विद्यार्थीहरुको संख्या निम्नानुसार रहेको देखाइएको छ

**प्रति कक्षाकोठा विद्यार्थी संख्या**

| कक्षा कोठामा विद्यार्थी संख्या | प्राथमिक विद्यालयहरुको संख्या | प्रतिशत |
|---|---|---|
| १० भन्दा कम विद्यार्थी संख्या | ६५ | १० |
| १०–३० भन्दा कम विद्यार्थी संख्या | ३६७ | ५६ |
| ३०–४० भन्दा कम विद्यार्थी संख्या | १०५ | १६ |
| ४०–५० भन्दा कम विद्यार्थी संख्या | ४७ | ७ |
| ५०–६० भन्दा कम विद्यार्थी संख्या | ३१ | ५ |
| ६०–७० भन्दा कम विद्यार्थी संख्या | २० | ३ |
| ७० भन्दा माथि विद्यार्थी संख्या | २५ | ४ |

स्रोतः TRSE 1, 2006

अध्ययनले देखाएको कक्षाकोठाको अवस्थाअनुसार भूकम्प धान्न सक्ने विद्यालयहरु २१ प्रतिशत मात्र दखिएका छन् । काठमाण्डौं र ललितपुर जिल्ला वाहेक अन्य जिल्लाका विद्यालयहरुको छानो चुहिने समस्या साझा समस्याको रुपमा रहेको देखाइएको छ -TRSE,२००६/०७) ।

CERID (2003) ले "Management Transfer of Public School" भन्ने शीर्षकमा मोरङ र इलाम जिल्लामा सम्पन्न गरेको अध्ययन मूख्यरुपमा गुणात्मक तथ्याङ्कमा आधारित रहेको थियो । अध्ययनको मूख्य उद्देश्य सामुदायिक विद्यालयहरुको वर्तमान अवस्था पत्ता लगाउनु थियो । यस अध्ययनमा पनि "समुदायमा व्यवस्थापन हस्तान्तरण भएका विद्यालयहरु हस्तान्तरण नभएका विद्यालयहरु भन्दा के कति हिसाबले फरक छन्?" भन्ने उद्देश्य रहेको हुँदा समुदायको जिम्मामा आएपछि विद्यालयमा के कस्ता सुधारहरु देखिएका छन् ? विद्यालयले अगाडि गर्नुपर्ने कामहरु वारे वि.व्य.स.,शिक्षक र अभिभावकको जिम्मेवारी सम्बन्धमा के कस्ता कार्यक्रमहरु सम्बन्धित निकायले सञ्चालन गरेका छन् ? विद्यालयले आफ्नो छुट्टै नियमहरु वनाएको छ, छैन ? भन्ने जस्ता प्रश्नको उत्तर खोज्ने प्रयास भएको र यस्तै प्रकारका प्रश्नहरुको उत्तर CERID(2003) को अध्ययनले पनि दिएको हुँदा यहाँ उल्लेख गर्न सान्दर्भिक देखियो । CERID(2003) को अध्ययनले सामुदायिक विद्यालयका वि.व्य.स.ले विद्यालय व्यवस्थापनको सम्बन्धमा सक्रिय भूमिका खेलेको भएपनि कुनै प्रभावकारी योजना र कार्यक्रम नल्याएको CERID(2003)ले जनाएको छ । व्यवस्थापन हस्तान्तरणपछि कुनै नियम र नियमितताको विकास गर्न नसकेको र शिक्षक र विद्यार्थीका लागि आचारसंहिता पनि बनाउन नसकेको कुरा उल्लेख गर्दै वि.व्य.स.,शिक्षकहरु र सरोकारवालाहरुका लागि कतैबाट अभिमुखीकरण कार्यक्रम पनि सञ्चालन नभएको (पूर्व पे.११) देखाएको छ । वि.व्य.स.का सदस्यहरु अव के गर्ने भन्ने सम्बन्धमा पनि अन्यौलमा रहेको कारण विद्यालयमा हुने विभिन्न कार्यक्रमहरुको अनुगमन गर्न असक्षम रहेको (पूर्व पे. १०) देखाउँदै वि.व्य.स.का लागि क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्नुपर्ने कुरा सुझाव दिइएको छ । यसबाट सरकारले सामुदायिक विद्यालयहरुको व्यवस्थापन समुदायलाई हस्तान्तरण त गऱ्यो तर अनुगमन,आवश्यक तालिम र सचेतना कार्यक्रम सञ्चालन नगरेको देखाइयो ।

समुदायमा व्यवस्थापन हस्तान्तरण गरिएका विद्यालयहरुका अभिभावकहरु यस

कार्यक्रमलाई सकारात्मक रुपमा लिँदै विद्यालयलाई आर्थिक सहयोग गर्न उत्प्रेरित रहेको देखिएको तर  आफ्नो भूमिकानिर्वाह र विद्यालयको कार्यकालागि अभिमुखीकरण कार्यक्रम संचालन गर्नुपर्ने कुराप्रति जोड दिएको देखिएको छ ।

निष्कर्षको रुपमा यस अध्ययनले उठाएका मुद्धाहरुमा राम्रो तयारी नगरी व्यवस्थापन हस्तान्तरण गरिएको, व्यवस्थापन हस्तान्तरण भएका विद्यालय र नभएका विद्यालयमा धेरै भिन्नता नदेखिएको, प्रा.वि. मात्र समुदायमा व्यवस्थापन हस्तान्तरण हुने गरेको, वि.व्य.स.ले समुदायमा व्यवस्थापन हस्तान्तरण भएका विद्यालयहरु संचालन गर्नलाई कुनै क्षमता प्रस्तुत नगरेको, व्यवस्थापन हस्तान्तरणले समुदायलाई आत्मनिर्भर बनाउन नसकेको, विद्यालयको व्यवस्थापन हस्तान्तरणमा स्थानीय निकाय उत्साहजनक नदेखिएको आदि रहेका छन् (CERID,2003)।

PPCC(2007) ले गरेको "Community Managed Schools  in Nepal" महत्वपूर्ण अनुसन्धान हो । यो बाके र बर्दिया जिल्लाका १७ वटा विद्यालयहरुमा गरिएको गुणात्मक अनुसन्धान हो ।

विद्यालयका अभिभावकहरुको व्यवस्थापन हस्तान्तरणप्रति मतान्तर भएको अध्ययनले देखाएको छ । अध्ययनले देखाएअनुसार केही अभिभावकहरु व्यवस्थापन हस्तान्तरणले  विद्यालयको सर्वोपरि हित गर्छ भन्ने कुरामा  सहमत देखिएका छन्  भने अर्काथरी अभिभावकहरु जे जस्तो नीति नियम भए पनि त्यसको दिगो कार्यान्वयन प्रति जोड दिनु पर्नेमा सहमति जनाउँछन् । धेरै जसो वि.व्य.स.का पदाधिकारी र अभिभावकहरु अशिक्षित भएकाले उनीहरुले आफ्नो विद्यालयको सर्वोपरि हित हुने गरी संचालन गर्न नसक्नेतर्फ समेत अध्ययनले संकेत गरेको छ (PPCC,2006)।

शर्मा(२०५९) ले तयार पार्नु भएको "नेपालमा शिक्षाको वर्तमान अवस्था र जीवनोपयोगी शिक्षाको अवधारणा" नामक लेखमा शिक्षाको गिर्दो गुणस्तरलाई सुधारगर्दै शिक्षालाई जीवनोपयोगी र सान्दर्भिक बनाउँदै लैजानु सबैको दायित्व हो भनिएको छ । उपयुक्त शिक्षा प्रणालीको विकास गर्दै लैजान सके राष्ट्रको सामाजिक तथा आर्थिक स्थितीमा सुधार आउन सक्छ आज देशका सामु खडा भएका गरिबी विपन्नता, सामाजिक समस्याहरुलाई समाधान गर्न गुणस्तरयुक्त जीवनोपयोगी शिक्षाकै जरुरत पर्दछ । शिक्षाक्षेत्रमा रहेका अनगिन्ती समस्याहरु राज्यको तर्फबाट तुरुन्त समाधान गर्नका लागि  आवश्यक पूँजी लगानी गर्नु वर्तमान आर्थिक अवस्थालेगर्दा देश

सक्षम छैन । सरकार, समुदाय र सरोकारवालाहरुले शिक्षाको सुधार र विकासमा एकजुट भई एक आपसमा सामुहिक सहयोगात्मक भूमिका निर्वाह गरे भने शिक्षाको गुणस्तर उकास्ने कार्यमा सहजता थपिने छ । विद्यालयको संचालन,पठनपाठनको रेखदेख,व्यवस्थापन अभिभावकहरुले नै गर्नु पर्दछ (शर्मा,२०५९)।

वेल्वासे(२०५९) ले तयार पार्नु भएको "विद्यालय शिक्षामा वैदेशिक सहयोगको योगदान" नामक लेखमा शिक्षाको क्षेत्रमा वैदेशिक सहयोगको आफ्नै किसिमको भूमिका भएतापनि त्यस्ता वैदेशिक सहयोगलाई केन्दीय स्तरबाट मात्र लक्ष्यप्राप्तिका लागि सफल बनाउन सकिने भएकाले त्यसको सफलताको लागि स्थानीयस्तरबाट पूर्ण रुपमा सहयोगको आावश्यकता पर्ने कुरा व्यक्त गरिएको छ वेल्वासे(२०५९)।

भण्डारी(२०६१) ले प्रस्तुत गर्नु भएको "नेपालमा प्राथमिक शिक्षा" भन्ने लेखमा आधारभूत तथा प्राथमिक शिक्षा परियोजना विद्यालयमा समुदायको सहभागिता वृद्धि गरी व्यवस्थापन पक्षलाई सुदृढ वनाउने, छात्राहरुको भर्नादर वृद्धि गर्ने, पिछडिएका वर्गका वालवालिकालाई शिक्षाको राष्ट्रिय मूलधारमा ल्याउने उद्देश्य अनुरुप लागु गरिएको भए पनि कार्यक्रमको अन्त्यसम्म आइपुग्दा शिक्षामा छात्रा एवं पिछडिएका वर्गका वालवालिकाको सहभागितामा वृद्धि भएको देखिए पनि समुदायमा विद्यालय हाम्रो हो भन्ने भावना विकसित हुन नसकेको कुरा देखाइएको छ । नेपालको प्राथमिक शिक्षामा गुणस्तरवृद्धि गर्न, समुदायको सहभागितावृद्धि गर्न र भौतिक व्यवस्थापनसुधार गर्न विभिन्न परियोजना र कार्यक्रमहरु संचालन गरिएको भएतापनि विद्यालयको भौतिक व्यवस्थापनमा समुदाय खासै सक्रिय रहन सकेको देखिदैन । समुदायले विद्यालयलाई व्यवस्थित वनाउनका लागि जबसम्म सहयोग गर्न सक्दैन तबसम्म भौतिक सुधार तथा व्यवस्थापन पक्षमा सुधार आउन सक्दैन भन्ने निचोड विभिन्न परियोजना र कार्यक्रमको मूल्याङ्कनबाट पत्ता लागिसकेको हुँदा विद्यालयको व्यवस्थापन पक्ष समुदायलाई हस्तान्तरण गर्दै जानु पर्दछ भन्ने मान्यता प्रस्तुत गरिएको छ (भण्डारी,२०६१)।

वज्राचार्य र सिग्देल(२००७) ले तयार पार्नु भएको "समुदायद्वारा व्यवस्थापन भएका विद्यालयको अनुभव" शीर्षकको लेखमा समुदायद्वारा व्यवस्थापन भएका २७ वटा विद्यालयहरु मध्ये २२% मा मात्र खानेपानीको सुविधा उपलब्ध भएको,२५% मा शौचालय,१३% मा पुस्तकालय र १६% मा मात्र खेलमैदानको सुविधा भएको देखाइएको

छ । सामाजिक लेखा परीक्षणमा यस अध्ययनले समुदायमा हस्तान्तरण भएकाविद्यालय हस्तान्तरण नभएका विद्यालय भन्दा अगाडि रहेको कुरा उल्लेख गर्दै शिक्षक विद्यार्थी अनुपात २९:१ रहेको देखाएको छ (वज्राचार्य र सिग्देल,२००७)।

खनाल(२००३)द्वारा नेपालको सार्वजनिक शिक्षाको व्यवस्थापनलाई प्रोत्साहन गर्ने र व्यवधान पुऱ्याउने तत्वहरु पत्ता लगाउने उद्देश्यले काठमाण्डौं, ललितपुर,भक्तपुर र काभ्रेपलाञ्चोक जिल्लाहरुमा एक अध्ययन गरिएको थियो । अध्ययनमा विशेष गरेर सार्वजनिक विद्यालयहरुको व्यवस्थापनमा समुदायको संलग्नता र उत्तरदायित्व जस्ता पक्षमा खोज गरिएको थियो ।

समुदायमा व्यवस्थापन हस्तान्तरण गरिएका सार्वजनिक विद्यालयहरुमा विद्यालय र समुदायका वीच सुमधुर सम्बन्ध स्थापित हुनुपर्ने आवश्यकता देखियो । राम्रो सम्बन्धले मात्र शैक्षिक व्यवस्थापनको उत्तरदायित्वलाई प्रोत्साहन गर्दछ (पूर्व पे.५५)। शिक्षाको नीतिनिर्माण गर्ने कार्यमा प्र.अ.को सहभागिता वृद्धि, समुदायको वि.व्य.स.मा वृहत् हभागिताको नीति, सहभागिताको कानुनी प्रावधान र प्रभावकारी कार्यान्वयन हुन सकेमा सार्वजनिक विद्यालयहरुको व्यवस्थापन अझ प्रभावकारी हुने ठहर अध्ययनकर्ताको रहेको छ । समुदायलाई एउटा संस्थाको रुपमा व्यवहार गरी वि.व्य.स.लाई जिम्मेवारी र जवाफदेही बनाउनु पर्ने(पूर्व पे.५५) अध्ययनको निचोड रहेको छ ।

सार्वजनिक शिक्षा मूलतः समुदायको लागि उपलब्ध गराइएको हुन्छ । समुदाय र वि.व्य.स. वीचमा राम्रो सम्बन्ध स्थापना हुन सकेन भने वि.व्य.स.ले प्रभावकारी रुपमा काम गर्न सक्दैन । कमजोर नीतिनिर्देशन, राज्यले निर्धारण गरेको नीतिमा जनसहभागिताको कमी कानुनको कमजोर कार्यान्वयन, समाजको संरचनात्मक मान्यता शिक्षा व्यवस्थामा राजनैतिक हस्तक्षेप (पूर्व पे.५६) जस्ता कुराले सार्वजनिक विद्यालयहरुको उत्तरदायित्व र जवाफदेहीतामा वाधा पुऱ्याएका हुन्छन् (खनाल,२००३)।

### २.२ सैद्धान्तिक खाका

यो अध्ययन समुदायद्धारा व्यवस्थित र सामुदायिक प्राथमिक विद्यालयहरुको भौतिक पक्ष र समुदायसँगको मानवीय सम्बन्धसँग सम्बन्धित रहेको छ । त्यसकारण यस अध्ययनमा वैज्ञानिक व्यवस्थापनको सिद्धान्त र मानवीय सम्बन्धको सिद्धान्तलाई सैद्धान्तिक खाकाको रुपमा हेरिएको छ । भौतिक पक्ष र मानवीय सम्बन्धलाई कसरी

सुधार गर्न सकिन्छ भन्ने फरकफरक चिन्तन प्रस्तुत गरेर यी दुवै सिद्धान्त उत्पादकत्व वृद्धि गर्ने दिसातर्फ उन्मूख भई शिक्षाको व्यवस्थापनमा समेत लागू हुँदै आएका छन् । यस अध्ययनमा समुदायद्धारा व्यवस्थित र समुदायिक दुवै खाले विद्यालयको भौतिक पक्षलाई समेटिएको हुनाले दुईवटै सिद्धान्तहरु उल्लेख गर्नु सान्दर्भिक देखियो ।

एफ.डब्लु.टाइलर(१८५६–१९१७)ले सन १९११ मा वैज्ञानिक व्यवस्थापनको सिद्धान्त प्रतिपादन गरेका हुन । उनका अनुसार “वैज्ञानिक व्यवस्थापन भनेको मानिसलाई कुन काम गराउन खोजिएको छ र कुन काम गर्न दिएमा उनीहरुले राम्रो र किफायती तरिकाले सम्पन्न गर्न सक्छन् भन्ने कुराको सही ढंगले जान्ने कला हो” (काफ्ले,श्रेष्ठ,सिन्हा,२०६०)।

विद्यालयको व्यवस्थापनका लागि कसले के काम गर्ने, कुनै पनि कामलाई राम्रोसँग सम्पन्न गर्न कसरी कामको बाँडफाँड तथा अधिकार प्रत्यायोजन गर्ने, कसलाई कामको जिम्मा दिने भन्ने कुराले पनि प्रभाव पार्दछ । टायलरको वैज्ञानिक व्यवस्थापनको सिद्धान्तअनुसार विद्यालयमा उपलब्ध स्रोत र मानवीय संशाधनलाई अधिकतम उपयोग हुने गरी प्रयोग गर्न सकिन्छ । विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक, समुदायलाई आ–आफ्नो जिम्मेवारी वहन गर्न र विद्यालयका हरेक क्रियाकलापमा सबै पक्षलाई उत्तरदायी बनाउँदै लैजान यस सिद्धान्तलाई महत्वपूर्ण रुपमा लिन सकिन्छ । यस प्रकार वैज्ञानिक व्यवस्थापनको सिद्धान्तले विद्यालयको शैक्षिक, भौतिक पक्षलाई संगठित गर्न र प्रभावकारी बनाउन प्रत्यक्ष योगदान पुऱ्याएको छ ।

टायलर(१९११) को प्रमुख मान्यता न्यूनतम लागतमा अधिकतम नाफा गर्नुमात्र नभई कामदारलाई उत्पादनक्षमताका आधारमा पारिश्रमिकसमेत वृद्धि गर्नु हो। कामदारको मनोवल उच्च राख्न उनीहरुलाई लाभांशको भागीदारसमेत बनाउनुपर्दछ (Koontz & Donnel,1976)। कामदारहरुलाई पुरस्कारको व्यवस्था, दक्षता अभिवृद्धिका निमित्त तालिमको व्यवस्था, कामदार र मालिकका वीचमा मैत्रीपूर्णसम्बन्धविकास उनका महत्वपूर्ण योगदानहरु हुन् (शर्मा,२०५६)।

टायलर(१९११) का अनुसार प्रत्येक कामदारको परम्परागत कार्यशैलीलाई परिर्वतन गरी वैज्ञानिक बनाउनु पर्दछ । वैज्ञानिक ढंगले कामदार छनौट गर्ने र छानिएका कामदारलाई तालिम दिई दक्ष बनाउनु पर्छ । वैज्ञानिक ढंगबाट कार्य

सम्पादन गर्नका निमित्त व्यवस्थापक र कामदार वीच आत्मीय सम्बन्ध र सामन्जस्यता स्थापित गर्नुपर्दछ । कामबाट अधिकतम उपलब्धि हासिल हुने ढंगले कामदारलाई परिचालन गर्नुपर्दछ । व्यवस्थापक र कामदार वीच स्पष्ट रुपमा कार्य विभाजन गरिएको हुनु पर्दछ । यसले गर्दा कामदारलाई मात्र दोष दिई आफू उम्किने परिपाटिको अन्त्य हुने उल्लेख गरिएको छ । वैज्ञानिक व्यवस्थापन भनेको कुनै नयाँ अन्वेषण नभई विगतमा संयोजन हुन नसकेका पुराना ज्ञानहरुलाई विश्लेषण र वर्गीकरण गरी कानुन र नियमका आधारमा संयोजन गर्नु हो । यसले कामदार र व्यवस्थापकको मानसिक धारणामा परिवर्तन गरी दुवै वीचको आपसी भूमिका र दायित्व बुझ्न सघाउँछ । यो एकल तत्व नभई विभिन्न तत्वहरुको संयोजन हो (शर्मा, २०५६)।

शर्मा,(२०५६)ले वैज्ञानिक व्यवस्थापनको प्रयोग शिक्षा क्षेत्रमा परम्परागत रुपमा चल्दै आएको शैक्षिक व्यवस्थापनको रुढिवादी धारणालाई अनुसन्धान तथा विश्लेषणद्वारा निर्मित सिद्धान्तका आधारमा अगि वढाउनु पर्दछ भनी अनुसन्धानतमक कार्यको सुरुआत गरेका ह'न् । निर्माण गरिएको शैक्षिक योजना अनुसार मानवीय, भौतिक श्रोत र साधनहरुको परिचालन गरी शिक्षाका उद्देश्यहरु पुरा गर्ने गराउने कार्यको थालनी भएको छ । दक्ष जनशक्तिबाट हुने कामको विश्लेषण गरी पाठ्यक्रम निर्माणका समयमा यसको विस्तृतरुप पाठ्यक्रममा समावेश गर्न थालिएको हो । शिक्षकहरुको शिक्षण दक्षताका निमित्त तालिमको व्यवस्था गरिएको छ । विद्यार्थीहरुको उपलब्धि मापनका निमित्त मूल्याङ्कनका विविध प्रक्रिया र औजारहरुको विकास गरिएको हुन्छ । शिक्षा प्रशासनमा कर्मचारी पद्धतीको संगठनात्मक प्रक्रियाको थालनी भएको हो । शैक्षिक प्रशासनमा शिक्षकको दक्षता विकास र शिक्षण प्रभावकारिताका लागि सुपरिवेक्षण व्यवस्थाको थालनी भयो भनी उल्लेख गरिएको छ (शर्मा,२०५६)

प्रो.जर्ज इल्टन मायो र मेरी पार्कर फोलेटले मानवसम्बन्धसिद्धान्तको विकास गरेका हुन् । यद्यपी यस सिद्धान्तका प्रवर्तकका रुपमा जर्ज इल्टन मायो(१८८०–१९४९)लाई मानिन्छ (अग्रवाल,२००६)। मानवसम्बन्ध भनेको व्यवस्थापक र कामदारको अन्तर्क्रियामा निर्भर हुने कुरा मानवसम्बन्धसिद्धान्तले उल्लेख गरेको छ। व्यक्तिको व्यवहार, सोचाइ र प्रवृत्ति अर्को व्यक्तिसँग कसरी प्रस्तुत हुन्छ , त्यसमा नै मानवसम्बन्ध निर्भर हुने गर्दछ । यसमा मनोविज्ञान व्यक्तिगत गुण र मानवीय तत्वले

प्रत्यक्ष प्रभाव पारेको हुन्छ । यसरी विद्यालयव्यवस्थापनका हरेक सवालमा मानवसम्बन्धका विविध आयामहरुले महत्वपूर्ण भूमिका खेलेका हुन्छन् ।

"मानवसम्बन्धसिद्धान्त सन् १९५० ताका प्रचलित सिद्धान्त हो । यस अगाडिका सिद्धान्तले संगठन र कार्यलाई यान्त्रिक दृष्टिकोणले हेरेको कारण यो सिद्धान्तको सुरुआत भएको हो । शास्त्रीय व्यवस्थापनले काम गर्ने ठाउँमा मेलमिलाप र उत्पादन कार्यकुशलतामा सन्तोषप्रद सुधार ल्याउन नसकेकाले व्यवहारिक व्यवस्थापनमा नयाँ नयाँ विचारहरु विकसित भएका हुन् । कुनै पनि संगठनमा कार्य गर्नेहरुवीच राम्रो मानव सम्बन्ध भएमा काम सम्पादन राम्रो, चाँडो र स्तरीय हुने र यसको विपरित मानव सम्बन्ध भएमा कार्य सम्पादन ढिलो, नराम्रो र कम गुणस्तरीय हुने कुराले धेरैमा छुन थाल्यो । यस सिद्धान्तलाई अन्तर्वैयक्तिक व्यवहार पनि भनिन्छ" (कोइराला र श्रेष्ठ, २०६२)।

ढकाल,(२०५६) ले मानवसम्बन्धसिद्धान्तको प्रयोग शिक्षा क्षेत्रमा पनि हुँदै आएको उल्लेख गरेका छन् । जसअनुसार शिक्षा व्यवस्थामा प्रजातान्त्रिक संस्कार भित्रिन गयो । पाठ्यक्रमनिर्माणदेखि शिक्षाका सम्पूर्ण क्रियाकलापमा शिक्षकको सहभागितालाई प्रयोगमा ल्याउने प्रयास हुन थाल्यो । शिक्षा प्रशासनलाई प्रजातान्त्रिक गर्न थालियो । व्यवस्थापक र शिक्षकवीचको सम्बन्धलाई सुमधुर बनाउनुपर्छ भन्नथालियो । शिक्षाको विकासमा सामाजिक संघसंस्था, राज्य र अन्य निकाय सबैको सामुहिक जिम्मेवारीको धारणाको विकास हुनथाल्यो । नेतृत्वको तानाशाही प्रवृत्ति हटाई प्रजातान्त्रिक ढंगअनुरुप काम गर्नुपर्दछ भन्न थालियो । वालकको शिक्षण सिकाई प्रजातान्त्रिक धारणा अनुरुप हुनु पर्दछ भन्ने धारणा आयो । विद्यालयको विकासमा सबैको सहभागिता हुनुपर्दछ भन्न थालियो (ढकाल,२०५६ ।

मानिसलाई मानवीय व्यवहार गरिनु पर्दछ, मानवलाई संगठनको वस्तु वा अन्य कुनै सम्पत्तिको रुपमा लिइनु हुँदैन । यसको आफ्नै मानवीय अस्तित्व छ भनी स्वीकार गर्नुपर्दछ । यदि सबै मिलेर उद्देश्यहरुपूर्ति गर्नु छ भने एकले अर्कोलाई पक्कै चिन्नु पर्दछ । व्यवस्थापकले बुझेर कामदारसँग असल सम्बन्ध स्थापना गर्न सक्नुपर्दछ । जति धेरै मानवीय सम्बन्ध स्थापना गर्न सकियो त्यति नै राम्रो सम्बन्ध कायम भई काममा स्तरीयता एवं प्रभावकारीता हासिल हुन्छ भन्ने मानवसम्बन्धसिद्धान्तको सार हो ।

वैज्ञानिक व्यवस्थापनको सिद्धान्तले कामदारको कार्यशैलीलाई परिवर्तन गरी वैज्ञानिक बनाउनु पर्ने, कामको आधारमा ज्यालानिर्धारण गरिनु पर्ने, वैज्ञानिक ढंगवाट कामदारछनोट गरिनु पर्ने जस्ता पक्षमा जोड दिएको छ ।

शिक्षा मन्त्रालय ( २०६६) ले तयार पारेको “विद्यालयक्षेत्रसुधारयोजना” नामक लेखमा प्रत्येक कक्षामा विद्यार्थीको उमेर र उचाईअनुसारको आफ्नै फर्निचर व्यवस्था हुनुपर्दछ भने कोठाको भुइँको व्यवस्था पनि उमेर समूहका लागि सुहाउने हुनुपर्छ । हरेक कक्षाकोठामा एउटा पुस्तक राख्ने र्‍याक, शिक्षकका लागि लेख्न कालो/ सेतो पाटी, शैक्षिक सामग्रीको भण्डारका लागि एउटा दराज, प्रदर्शनको व्यवस्था र सबै विद्यार्थीका लागि पुग्ने संख्यामा पर्याप्त डेस्क र बेञ्च हुनुपर्दछ । सबै विद्यालयमा एउटा छात्र र छात्राका लागि कम्तीमा १/१ वटा छुट्टाछुट्टै शौचालय हुनुपर्दछ । कक्षा १-५ सम्मको प्राथमिक विद्यालयमा कम्तीमा ३ वटा छुट्टै शौचालय हुनुपर्दछ । ती मध्ये छात्राका लागि कम्तीमा एउटा हुनुपर्दछ । यी शौचालयहरु सफा गर्न डिटरजेन्ट सहित आवश्यक मात्रामा पानीको आपूर्ति हुनुपर्दछ । सबै विद्यालयमा आफ्नै स्रोतको पिउने पानीको व्यवस्था हुनुपर्दछ शिक्षा मन्त्रालय, २०६६) ।

**२.३ शैक्षिक उपादेयता**

वैज्ञानिक व्यवस्थापनको सिद्धान्त र मानवसम्बन्धसिद्धान्तलाई यस अध्ययनको लागि प्रयोग गरिएको छ । यी दुवै सिद्धान्तहरुले संगठनको उत्पादनवृद्धि गरेर संगठनलाई वलियो बनाउनु पर्ने धारणा प्रस्तुत गरेका छन् । कामदारलाई प्रोत्साहन गरी उद्योगको उत्पादन बढाउने मान्यतामा यी सिद्धान्तहरु प्रतिपादन गरिएका भए पनि शिक्षा क्षेत्रको व्यवस्थापनमा यिनीहरुको प्रयोग हुँदै आएको छ । यी सिद्धान्तहरुलाई शैक्षिक क्षेत्रमा प्रयोग गर्दा जुन उपलब्धि प्राप्त भएको छ त्यसकै आधारमा यस अध्ययनमा आएका प्राप्तिहरुको व्याख्या विश्लेषण गर्न मद्दत पुगेको छ ।

विद्यालयहरुमा मानवीय भौतिक स्रोत साधानहरुको परिचालन कसरी भएको छ? विद्यालय व्यवस्थापन समितिको कार्यदक्षता अभिवृद्धिका लागि अभिमुखीकरण तालिमको व्यवस्था गरिएको छ, छैन ? जस्ता विषयहरुमाथि गहिरो अध्ययन गर्न वैज्ञानिक व्यवस्थापनको सिद्धान्तले सहयोग पुर्‍यायो । त्यसैगरी विद्यालयको शैक्षिक, भौतिक र आर्थिक विकासमा सरोकारवालाहरुको सहभागिता कस्तो रहेको छ ? समुदाय

र विद्यालयवीचको सम्बन्ध कस्तो रहेको छ ? भन्ने प्रश्नहरुको उत्तर खोज्न मानवसम्बन्धसिद्धान्तले सहयोग पुऱ्याएको छ ।

यस अध्ययनलाई अघि बढाउन यस अध्ययनका लागि तर्जुमा गरिएका प्राथमिक र द्वितीय तथ्याङ्कको विश्लेषणबाट प्राप्त प्राप्तिहरुलाई तुलना गर्दै अध्ययनकार्यलाई अघि बढाउन र निष्कर्षमा पुग्न सम्बन्धित साहित्यको अध्ययनले सहयोग पुऱ्यायो । विद्यालयको आन्तरिक सुधार र भौतिक व्यवस्थापनपक्ष सुदृढ बनाउन शिक्षासँग सम्बन्धित कस्ता कस्ता कार्यक्रमहरु ल्याउँदा सरोकारवालाहरु लाभान्वित हुन्छन् ? भन्ने सम्बन्धमा पनि सम्बन्धित साहित्यको पुनरावलोकनले महत्वपूर्ण भूमिका खेलेको छ ।

# परिच्छेदः तीन

## अध्ययनविधि

### ३.१ अनुसन्धान ढाँचा

कुनै पनि समस्या, अवस्था, प्रक्रिया तथा घटनाको शाब्दिक रुपमा व्याख्या,विश्लेषण गरिन्छ भने त्यो गुणात्मक अध्ययन हुन्छ (खनाल,२००४)। यो अध्ययन पनि गुणात्मक अध्ययन हो । यस अध्ययनमा अध्ययनक्षेत्रको छनौटमा परेका विद्यालयहरुको गहिराईसम्म पुगी अध्ययन गर्ने प्रयास गरिएको थियो । अध्ययनका क्रममा उद्देश्य प्राप्ति र सम्बन्धित विषयवस्तुको वास्तविकता पत्ता लगाउन विद्यालयका सरोकारवालासँग प्रत्यक्षरुपमा भेटघाट, समूह छलफल, अन्तर्वार्ता, अवलोकन जस्ता विधिहरुलाई अवलम्वन गरिएको छ । प्राप्त भएका तथ्याङ्कहरुलाई गुणात्मक आधारमा व्याख्या गरिएको छ ।

### ३.२ तथ्याङ्कसंकलनप्रक्रिया

यस अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्कसंकलनका लागि सर्वप्रथम प्रत्येक विद्यालयका प्र.अ.तथा शिक्षकहरुलाई अध्ययनको उद्देश्यवारे सामूहिक रुपमा स्पष्ट पारी विद्यालयवाट अनुमति लिएर अन्तर्वार्ता, प्रश्नावलीअनुरुप प्रश्न गरी आएको जवाफलाई टिपोट गरिएको थियो ।

विद्यालयका प्रधानाध्यापकलाई वि.व्य.स.का अध्यक्ष र सदस्यहरुलाई आवश्यक जानकारीसहित विद्यालयमा आउन सूचना गर्न भनिएको थियो । वि.व्य.स.का पदाधिकारीहरुबाट जानकारी लिँदा शिक्षक र प्र.अ. सँग लिइएकै विधि अपनाइयो । प्र.अ.सँग आवश्यक पारमर्श लिई स्तरीकृत नमूना छनौटविधि उपयोग गरी अभिभावक छनौट गरी अभिभावकको घरमै गएर अन्तर्वार्ता लिइएको थियो ।

वि.व्य.स.का पदाधिकारी र शिक्षक अभिभावक संघका सदस्यहरुसँग विद्यालय परिसरमै छुट्टाछुट्टै समूहछलफल गरिएको थियो । एउटा शीर्षक प्रस्तुत गरी त्यसवारे अलगअलग सहभागीहरुको प्रतिक्रिया र अनुभव बटुलेपछि त्यसलाई टिपोट गरेर मात्र अर्को शीर्षकमा समूहछलफल सम्पन्न गरिएको थियो ।

#### ३.२.१ जनसंख्या

यस अध्ययनलाई पूरा गर्न इलाम जिल्ला करफोक स्रोतकेन्द्र अन्तर्गत पञ्चकन्या गा.वि.स.का ७ वटा प्रा.वि. र कन्याम गा.वि.स.का ६ वटा प्रा.वि.लाई कुल

जनसंख्याको रुपमा लिइएको थियो । अध्ययनका लागि पञ्चकन्या गा.वि.स.बाट सामुदायिक विद्यालयहरुमध्ये २ वटा प्रा. विद्यालयहरु र कन्याम गा.वि.स.बाट समुदायद्धारा व्यवस्थित विद्यालयहरुमध्ये २ वटा प्रा.विद्यालयहरु छनोट गरिएका थिए । ४ वटा विद्यालयबाट ४ जना प्र.अ.,प्रत्येक विद्यालयवाट कम्तिमा २ जना शिक्षक पर्ने गरी १० जना शिक्षक अध्ययनको लागि छानिएका थिए । विद्यालयव्यवस्थापनसमितिका अध्यक्षसहित जम्मा १२ जना वि.व्य.स.का पदाधिकारी र प्रत्येक विद्यालयबाट कम्तिमा ४ जना पर्ने गरी १८ जना अभिभावकहरु अध्ययनका लागि छानिएका थिए । गुणात्मक अध्ययनका लागि प्रत्येक विद्यालयमा सामूहिक छलफलको आयोजना पनि गरियो । अध्ययनका लागि उत्तरदाताहरुको विवरण निम्नानुसारको तालिकामा देखाइएको छ ।

**तालिका ३.२.१ अन्तर्वार्तामा सहभागीहरुको संख्यात्मक विवरण**

| विद्यालय | प्र.अ. | शिक्षक | | वि.व्य.स. | अभिभावक | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | पदाधिकारी | महिला | पुरुष | |
| करफोक प्रा.वि. | १ | १ | २ | ३ | २ | ३ | १२ |
| कृष्ण प्रा.वि. | १ | – | २ | ३ | २ | २ | १० |
| पंचकन्या प्रा.वि. | १ | १ | १ | ३ | २ | २ | १० |
| भाग्योदय प्रा.वि. | १ | १ | २ | ३ | २ | ३ | १२ |
| जम्मा | ४ | ३ | ७ | १२ | ८ | १० | ४४ |

स्रोतः स्थलगत अध्ययन,२०६७

### ३.२.२ नमूनाको आकार

यस अध्ययनमा करफोक स्रोतकेन्द्र अन्तर्गत सामुदायिक प्राथमिक विद्यालयहरु २ वटा मात्र भएकाले २ वटै विद्यालयलाई अध्ययनका लागि छनोट गरिएको थियो । समुदायद्धारा व्यवस्थित प्राथमिक विद्यालयहरुमा कन्याम गा.वि.स.का २ वटा प्राथमिक विद्यालयलाई उद्देश्यमूलक नमूना छनोटका आधारमा छनोट गरिएको थियो । छनोट गरिएका विद्यालयहरुका ४ जना प्र.अ., १० जना शिक्षक, १२ जना वि.व्य.स. का पदाधिकारी र १८ जना अभिभावक गरी जम्मा ४४ जनालाई उत्तरदाताको रुपमा छानिएको थियो ।

### ३.२.३ नमूना छनौटको विधि

करफोक स्रोतकेन्द्र अन्तर्गत रहेका प्राथमिक विद्यालयहरुमा सामुदायिक प्राथमिक विद्यालयहरु २ वटा मात्र रहेका छन् । सामुदायिक प्राथमिक विद्यालयहरुको अध्ययनमा ती दुवै विद्यालयलाई लिइएको थियो । समुदायद्धारा व्यवस्थित विद्यालयहरुमध्ये कन्याम गा.वि.स.का २ वटा प्राथमिक विद्यालयहरुलाई उद्देश्यमूलक नमूना छनोटका आधारमा छनोट गरिएको थियो।

अध्ययनका लागि छानिएका ४ वटा विद्यालयका ४ जना प्र.अ., प्रत्येक विद्यालयबाट कम्तीमा २ जना पर्ने गरी १० जना शिक्षक, वि.व्य.स.का अध्यक्षसहित जम्मा १२ जना वि.व्य.स.का पदाधिकारीहरु र प्रत्येक विद्यालयबाट कम्तिमा ४ जना पर्ने गरी १८ जना अभिभावकहरु रहेका थिए ।

### ३.२.४ नमूना छनौटको आधार

यस अध्ययनलाई पूरा गर्नका लागि अनुसन्धानकर्ताले आफ्नो पूर्वज्ञान र अनुभवका आधारमा उद्देश्यमूलक नमूना छनौटविधि प्रयोग गरिएको छ । अध्ययनको उद्देश्यअनुसार आवश्यक नमूनाछनोट गरी निष्कर्षमा पुग्न यो विधि प्रचलित रहेको र नमूनाछनोट गर्न सजिलो भएकाले यस विधिलाई नमूनाछनौटको आधार मानिएको हो। छनौट गरिएका विद्यालयहरु अध्ययनको लागि अनुसन्धानकर्ताको सबै पक्ष (आर्थिक,समय,श्रम ) बाट अनुकूल भएको र इलाम जिल्लामा यस प्रकारको अध्ययन नभएकाले पनि इलाम जिल्लालाई नमूनाछनौटको रुपमा लिइएको हो ।

### ३.३ अनुसन्धानका साधनहरु

विद्यालयहरुको तथ्याङ्क संकलन गर्न विद्यालय अवलोकनफारम, प्र.अ., शिक्षक, वि.व्य.स.का पदाधिकारीहरु र अभिभावकलाई अन्तर्वार्ता, प्रश्नावली र समूहछलफलका लागि निर्देशिका तयार पारिएको थियो । प्रयोग गरिएका अनुसन्धानका साधनहरु निम्नानुसार रहेका छन् ।

विद्यालयको भौतिक पक्षलाई समेटिएको अवलोकनफारम तयार गरिएको थियो। अवलोकन फारममा विद्यालयभवन, कक्षाकोठा, फर्निचर, खानेपानीको उपलब्धता, शौचालयको अवस्था,खेलमैदान,पुस्तकालय, प्रयोगशाला जस्ता पक्षहरु समेटिएका थिए ।

वि.व्य.स.का पदाधिकारी, अभिभावक, प्र.अ. र शिक्षकहरुका लागि अलगअलग अन्तर्वार्ता प्रश्नावली विकसित गरिएको थियो । अन्तर्वार्ताका प्रश्नावलीमा मुख्य रुपले

वि.व्य.स.का सदस्य र अभिभावकहरुले विद्यालयको विकासका लागि खेलेको भूमिका, विद्यालयमा उपस्थिति र विद्यालयको आर्थिक, भौतिक विकासमा समुदायको संलग्नता जस्ता शीर्षकहरुमा ध्यान दिइएको थियो ।

समूहछलफल अलगअलग विद्यालयमा शिक्षक, शिक्षकअभिभावकसंघ र वि.व्य.स.का सदस्यहरुसँग गरिएको थियो । छलफल विद्यालय र अभिभावकवीचको सम्बन्ध, विद्यालयको विकासका लागि तर्जुमा गरिने योजनामा अभिभावकहरुको संलग्नता, विद्यालयलाई अभिभावकहरुले गर्ने सहयोग, विद्यालयको व्यवस्थापन समुदायमा आएपछि देखिएका परिवर्तनका सम्बन्धमा केन्द्रित रहेको थियो । अवलोकन र अन्तर्वार्ताबाट प्राप्त भएका जानकारीहरुलाई समूहछलफलले प्रमाणीकरण गर्न सहयोग पुऱ्याएको थियो ।

आवश्यक सूचना र जानकारीहरु प्राप्त गर्न विद्यालयमा रहेको विद्यालयसुधारयोजना, रेकर्डहरु र जिन्सी खाताहरु अध्ययन गरिएको थियो । यसका लागि छुट्टै विद्यालय सर्वेक्षण फारम निर्माण गरिएको थियो । यसको नमूना अनुसूचिमा राखिएको छ ।

### ३.४ तथ्याङ्कका स्रोतहरु

अध्ययनका क्रममा तयार गरिएका औजारहरु प्रयोग गरी प्राथमिक तथ्याङ्क संकलन गरिएको छ । तथ्याङ्क विश्लेषणमा प्राथमिक तथ्याङ्कलाई बढी आधार मानिएको छ ।

प्राथमिक तथ्याङ्कले मात्र अध्ययन पूरा नहुने भएकाले विद्यालयमा रहेका विद्यालयसुधारयोजना, रेकर्डहरु र अन्य अभिलेखहरुसमेत प्रयोग गरी अध्ययन पूर्ण बनाउने प्रयास गरिएको छ ।

### ३.५ तथ्याङ्कको प्रस्तुती विश्लेषण र व्याख्या

विद्यालयमा उपलब्ध भएका विद्यालयसुधारयोजना, रेकर्डहरु र अन्य अभिलेखहरुको अध्ययनबाट प्राप्त भएका जानकारीहरु, विद्यालयमा प्र.अ., शिक्षक, अभिभावक र वि.व्य.स.का पदाधिकारीहरुसँगको अन्तर्वार्ता र समूहछलफलका सहभागीहरुबाट आएका प्रतिक्रिया र अनुभवहरुलाई शीर्षक चयन गरी प्रस्तुतीकरण, विश्लेषण र व्याख्या गरिएको छ ।

# परिच्छेदः चार

# तथ्याङ्कको विश्लेषण र व्याख्या

यस अध्यायमा तथ्याङ्कको विश्लेषण र व्याख्यामा उद्देश्यअनुसार क्रमशः समुदायद्धारा व्यवस्थित विद्यालयको भौतिकपक्ष र सामुदायिक विद्यालयको भौतिकपक्ष देखाइएको छ । त्यसपछि दुवै प्रकारका विद्यालयको भौतिकपक्षलाई उल्लेख गर्दै अन्त्यमा समुदायद्धारा व्यवस्थित विद्यालय र सामुदायिक विद्यालयका भिन्नताका प्रवृत्तिहरुलाई विभिन्न शीर्षकमा विभाजन गरी अध्ययनले पत्ता लगाएका पक्षहरुलाई समेटिएको छ ।

## ४ प्राथमिक विद्यालयहरुको भौतिक अवस्था

अध्ययनका लागि नमूनाछनोट गरिएका समुदायद्धारा व्यवस्थित र सामुदायिक दुवै प्रकारका विद्यालयमा पुगी विद्यालयमा उपलब्ध भौतिक अवस्थाको सम्बन्धमा प्रत्यक्ष अवलोकनद्वारा परिशिष्टमा उल्लेख भएअनुसारको अवलोकन फारमको प्रयोग गरी तथ्याङ्कसंकलन गरिएको थियो । तथ्याङ्कमा भएको विवरणअनुसार यहाँ छुट्टाछुट्टै शीर्षकमा देखाइएको छ ।

**तालिका नं. १**

**समुदायद्धारा व्यवस्थित विद्यालयहरुको भौतिक सामग्रीविवरणः**

| क्र.सं. | भौतिक सामग्रीहरु | भाग्योदय प्रा.वि. | पञ्चकन्या प्रा.वि. |
|---|---|---|---|
| १ | विद्यालयभवनसंख्या | २ | २ |
| २ | कक्षाकोठासंख्या | ५ | ५ |
| ३ | कार्यालयकोठासंख्या | १ | १ |
| ४ | डेस्कवेञ्चको संख्या | ३५ जोडा | २८ जोडा |
| ५ | टेवल | ५ थान | ३ थान |
| ६ | कुर्सी | ३० थान | ९ थान |
| ७ | दराज | ४ थान | २ थान |
| ८ | वाकस | ३ थान | २ थान |
| ९ | खानेपानीको धारा | छ | छैन |
| १० | शौचालयको संख्या | २ | २ |
| ११ | विद्युतसेवा उपलब्ध | छ | छैन |
| १२ | टेलिफोनसेवा उपलब्ध | छैन | छैन |
| १३ | पुस्तकालय | छैन | छैन |
| १४ | खेलमैदान | छ | छ |
| १५ | विद्यालयहातामा घेरावारा | छैन | छैन |

तालिका नं. २

सामुदायिक  विद्यालयहरुको भौतिक सामग्रीविवरण

| क्र.सं. | भौतिक सामग्रीहरु | करफोक प्रा.वि. | कृष्ण प्रा.वि. |
|---|---|---|---|
| १ | विद्यालयभवनसंख्या | ४ | ३ |
| २ | कक्षाकोठासंख्या | ५ | ५ |
| ३ | कार्यालयकोठासंख्या | १ | १ |
| ४ | डेस्कवेञ्चको संख्या | ९० जोडा | २५ जोडा |
| ५ | टेवल | ९ थान | ३ थान |
| ६ | कुर्सी | २२ थान | ७ थान |
| ७ | दराज | ६ थान | २ थान |
| ८ | वाकस | ७ थान | २ थान |
| ९ | खानेपानीको धारा | १ | १ |
| १० | शौचालयको संख्या | २ | १ |
| ११ | विद्युतसेवा उपलब्ध | छ | छैन |
| १२ | टेलिफोनसेवा उपलब्ध | छ | छैन |
| १३ | पुस्तकालय | छैन | छैन |
| १४ | खेलमैदान | छ | छ |
| १५ | विद्यालयहातामा घेरावारा | छ | छैन |

स्रोतः स्थलगत अध्ययन,२०६७

## ४.१भौतिक  सुविधाको स्थिति

समुदायद्धारा व्यवस्थित भाग्योदय प्रा.वि. र पञ्चकन्या प्रा.वि.को व्यवस्थापन २०६३ सालमा समुदायले जिम्मा लिएपछि विद्यालयको भौतिक अवस्थामा विद्यालयका सबै सरोकारवालाहरुको सहयोगमा क्रमशः सुधार हुँदै गएको संकेत पाइयो । उदाहरणका लागि भाग्योदय प्रा.वि.  समुदायद्धारा व्यवस्थित हुनुभन्दा पहिले शिक्षक विद्यार्थीका लागि कुनै प्रकारको (अस्थायी/स्थायी) शौचालयको व्यवस्थापन नभएको जनाउँदै वि.व्य.स.का एकजना सदस्यले भने–

“यस विद्यालयमा शौचालय र खानेपानीको अभाव भएको कारण कतिपय विद्यालय जाने उमेरका वालवालिकाहरु विद्यालयमा आउन गाह्रो मानिरहेको अवस्था

थियो । भर्ना भएर अध्ययन गरिरहेका छात्राहरु विद्यालय छोड्न वाध्य हुन थालेका थिए । पछि समुदायमा व्यवस्थापन हस्तान्तरण भएपछि प्राप्त भएको एकमुष्ट अनुदान र चन्दासहयोगसमेत जुटाएर शिक्षक र विद्यार्थीका लागि अलगअलग पक्की शौचालयको निर्माण गरियो । स्थानीय देवीस्थानमुहानवाट स्वच्छ खानेपानीको प्रबन्धसमेत गरियो ।"

वि.व्य.स.का सदस्यको उक्त भनाइपछि विद्यालयका अन्य पक्षहरुमा के के सुधारहरु भएका छन् ? भनी जिज्ञासा राख्दा जीर्णअवस्थामा रहेको विद्यालयभवनको जीर्णोद्धार गरी रंगरोगन गरिनुका साथै लागत सहभागिताको आधारमा जि.वि.स.वाट प्राप्त भएको भवनसंख्या १ पनि निर्माण गरिएको पाइयो । शैक्षिक सामग्रीको रुपमा टेपरेकर्डर, त्यसमा प्रयोग हुने क्यासेट, साउण्डसिष्टम र नक्सा तथा चार्टहरुको प्रशस्त प्रबन्ध गरिएको पाइयो ।

समुदायद्वारा व्यवस्थित यस विद्यालयको भौतिक सुविधाको स्थितिसुधारका सम्बन्धमा वि.व्य.स.का अध्यक्षसँग छलफल गर्दा विद्यालयको भौतिक अवस्था सुधार गर्न समुदायले नै अथक परिश्रम गर्नुपर्ने विचार व्यक्त भयो । यस सामुदायिक विद्यालयलाई समुदायद्वारा व्यवस्थापन हुने गरी हस्तान्तरण गरिएपछि अध्यक्षसहित वि.व्य.स.का पदाधिकारीहरु विद्यालयमा उपस्थित भई विद्यालयको गतिविधिसम्बन्धमा जानकारी लिने गरेको, भौतिक सुधारका निमित्त विभिन्न संघसंस्थाहरुसँग आर्थिक सहयोग जुटाउन पहल गर्ने गरेको , गा.वि.स. र जि.वि.स.मासमेत बजेट विनियोजनका समयमा उपस्थित भई विद्यालयको आवश्यकता प्रस्ताव गरी आवश्यक बजेट लिने गरेको पाइयो । यसरी प्राप्त भएको रकम पारदर्शी हुने गरी काममा लगाइएको र सो को अभिलेख समेत राख्ने गरेको पाइयो ।

समुदायद्वारा व्यवस्थित अर्को विद्यालय पञ्चकन्या प्रा.वि.मा समुदायमा हस्तान्तरण हुनुभन्दा पहिले शिक्षक र विद्यार्थीका लागि एउटै मात्र कच्ची शौचालय रहेकोमा हाल दुईवटा पक्की शौचालय निर्माण गरिएको तथ्य वि.व्य.स.का सदस्यहरुबाट आयो । खानेपानी उपलब्ध गराउन नसकिने धरातलीय अवस्था भएको यस विद्यालयमा वि.व्य.स.को पहलमा 'जाइका' नाम गरेको दातृनिकायले विद्यालयको छानावाट मनसुनी वर्षाको पानी संकलन गरी ट्याङ्कीमा राखी प्रशोधन गरेर सो पानीलाई व्यवहारमा ल्याउनको निमित्त विद्यालयको हाताभित्र काम भइरहेको देखियो ।

यस विद्यालयमा बालबालीकाको संख्या न्यून रहेको छ तापनी फर्निचरहरु(डेस्क, बेञ्च, टेवल, कुर्सी, दराज) र शैक्षिक सामग्रीहरुको अभाव भएको प्रधानाध्यापकले बताए ।

समष्टिगत अवलोकनबाट प्राप्त वर्तमान तथ्याङ्कलाई हेर्दा समुदायमा व्यवस्थापन हस्तान्तरण भएका दुवै विद्यालयमा कक्षाकोठाको संख्या पर्याप्त देखिदैन । भाग्योदय प्रा.वि. र पञ्चकन्या प्रा.वि.मा ५/५ वटा कक्षाकोठा रहेका छन् । दुवै विद्यालयका भवन र कक्षाकोठाहरु पक्की रहेको पाइयो भने संख्यात्मक रुपमा कक्षाकोठाहरुको संख्या कम छ । कार्यालयको लागि दुईवटै विद्यालयमा १/१ कोठा रहेको पाइयो । विद्यालयहरुका लागि भाग्योदय प्रा.वि.मा ३५ जोडा डेस्कबेञ्च रहेका छन् भने पञ्चकन्या प्रा.वि.मा डेस्कवेञ्चको संख्या २० रहेको छ । त्यसैगरी कार्यालय प्रयोजनको लागि भाग्योदय प्रा.वि.मा टेवल ६ थान, कुर्सी ३० थान, दराज ४ थान र वाकस ३ थान रहेका छन् । पञ्चकन्या प्रा.वि.मा टेवल ३ थान, कुर्सी ९ थान, दराज २ थान र वाकस २ थान रहेको पाइयो ।

शौचालयको व्यवस्थापनका सम्बन्धमा अवलोकन गर्दा भाग्योदय प्रा.वि. र पञ्चकन्या प्रा.वि.मा शिक्षक र विद्यार्थीका लागि अलगअलग व्यवस्था गरिएको पाइयो भने दुवै प्रा.वि.हरुमा छात्राहरुका लागि छुट्टै शौचालयको व्यवस्था गरिएको भने देखिएन।

खानेपानीसुविधाको वर्तमान अवस्था हेर्दा पानीको स्रोत संरक्षण गरी पाइप लाइनवाट ल्याउनु पर्ने हो । भाग्योदय प्रा.वि.मा स्थानीय स्रोतवाट पानी ल्याइएको हुनाले विद्यालयमा एउटा पानीको धारा रहेको छ । पञ्चकन्या प्रा.वि.मा धरातलीय स्वरुपको कारण पाइप लाइनबाट पानी लाने संभावना कम भएकाले आकाशे पानी संकलन गरी व्यवहारमा प्रयोग गर्न काम भइरहेको देखियो ।

विद्युत, पुस्तकालय र टेलिफोनको सुविधा दुईवटै विद्यालयमा हस्तान्तरण अगाडि उपलब्ध नभएको र हाल भाग्योदय प्रा.वि.मा विद्युतसेवा चाँहि उपलब्ध भएको पाइयो । दुवै विद्यालयको प्राङ्गणमा खेलमैदान रहेका छन् । विद्यालयको हाता घेरिएको पाइएन ।

शिक्षा मन्त्रालय ( २०६६) ले तयार पारेको “विद्यालयक्षेत्रसुधारयोजना” नामक लेखमा प्रत्येक कक्षामा विद्यार्थीको उमेर र उचाईअनुसारको आफ्नै फर्निचर व्यवस्था हुनुपर्दछ भने कोठाको भुइँको व्यवस्था पनि उमेर समुहका लागि सुहाउने हुनुपर्छ । हरेक कक्षाकोठामा एउटा पुस्तक राख्ने र्‍याक, शिक्षकका लागि लेख्न कालो/ सेतो

पाटी, शैक्षिक सामग्रीको भण्डारका लागि एउटा दराज, प्रदर्शनको व्यवस्था र सबै विद्यार्थीका लागि पुग्ने संख्यामा पर्याप्त डेस्क र बेञ्च हुनुपर्दछ। सबै विद्यालयमा एउटा छात्र र छात्राकालागि कम्तीमा १/१ वटा छुट्टाछुट्टै शौचालय हुनुपर्दछ । कक्षा १-५ सम्मको प्राथमिक विद्यालयमा कम्तीमा ३ वटा छुट्टै शौचालय हुनुपर्दछ । ती मध्ये छात्राका लागि कम्तीमा एउटा हुनुपर्दछ। यी शौचालयहरु सफा गर्न डिटरजेन्ट सहित आवश्यक मात्रामा पानीको आपूर्ति हुनुपर्दछ। सबै विद्यालयमा आफ्नै स्रोतको पिउने पानीको व्यवस्था हुनुपर्दछ भनी उल्लेख गरिएकोमा सामुदायिक विद्यालयहरुको अवलोकनबाट प्राप्त तथ्याङ्कअनुसार करफोक प्रा.वि.मा भवन संख्या ४ र कृष्ण प्रा.वि.मा ३ वटा, कक्षा कोठा ५/५ वटा, कार्यालय कोठा १/१ वटा रहेको पाइयो । कक्षा कोठामा भएका डेस्कवेञ्चको संख्या करफोक प्रा.वि.मा ९० जोडा र कृष्ण प्रा.वि.मा २५ जोडा भएको पाइयो। करफोक प्रा.वि.मा टेवल ९ थान, कुर्सी २२ थान, दराज ६ थान र वाकस ७ थान कार्यालयप्रयोजनका लागि रहेका छन् भने कृष्ण प्रा.वि.मा टेवल ३ थान, कुर्सी ७ थान, दराज २ थान रहेको पाइयो। दुईवटै विद्यालयका सबै कक्षाकोठाहरु पक्की रहेको पाइयो।

शौचालयको वर्तमान अवस्थालाई हेर्दा करफोक प्रा.वि.मा शिक्षक र विद्यार्थीका लागि अलगअलग २ वटा शौचालय भएको पाइयो भने कृष्ण प्रा.वि.मा शिक्षक र विद्यार्थीका लागि एउटा मात्र शौचालय रहेको पाइयो।

खानेपानीको लागि करफोक प्रा.वि. र कृष्ण प्रा.वि.मा १/१ वटा पाइप लाइनको धारा भएको पाइयो। दुवै विद्यालयहरुमा पुस्तकालयको उपलब्धता छैन भने करफोक प्रा.वि.मा विद्युत र टेलिफोनको सुविधा उपलब्ध भएको पाइयो।

यसप्रकार समुदायद्वारा व्यवस्थित र सामुदायिक दुवै प्रकारका विद्यालयहरुमा विद्यालयसुधारयोजना २०६६ ले निर्देश गरेअनुसार भौतिक अवस्था सुधारका प्रयासहरु गरेको पाइयो।

### ४.२ भौतिक सुविधाको संरक्षण

अध्ययनका निमित्त छनोट गरिएका समुदायद्वारा व्यवस्थित र सामुदायिक दुवै प्रकारका विद्यालयका प्र.अ.र शिक्षकहरुसँग अभिभावकको विद्यालयप्रति चासो जान्ने प्रयास गरिएको थियो । यस सन्दर्भमा समुदायद्वारा व्यवस्थित र सामुदायिक विद्यालयका उत्तरदाताहरुको भनाइबाट विद्यालय समुदायमा हस्तान्तरणकार्यले राम्रो

प्रभाव पारेको देखियो । विद्यालय परिवार र समुदायवीच राम्रो सम्बन्ध स्थापना भएको छ , समुदायले आवश्यक परेको खण्डमा विद्यालयलाई आर्थिक र भौतिक सहयोग गर्ने गरेको छ । विद्यालयमा अभिभावकहरुको उपस्थिति बढेको छ । आफ्ना वालवालिकाहरुलाई विद्यालय पठाएर अभिभावकले आफ्नो दायित्व पूरा भएको नसम्झी समयसमयमा विद्यालयमा गएर आफ्ना वालवालिकाको शैक्षिक अवस्थाको वारेमा चासो राख्ने, कमीकमजोरी के के रहेका छन् , सोध्ने, सुधारको निमित्त अनुरोध गर्ने, विद्यालयमा नियमित भएनभएको सम्बन्धमा चासो राख्ने गरेको पाइयो ।

सामुदायिक विद्यालयका प्र.अ.र शिक्षकहरुको अनुभव भिन्न पाइयो कृष्ण प्रा.वि.का प्र.अ.को भनाइमा–

“आफ्ना वालवालिकालाई विद्यालय पठाएर अभिभावकहरुले औपचारिकता मात्र निर्वाह गरेका छन् । विद्यालयप्रति वहाँहरुको चासो कम रहेको छ । विद्यालयमा गरिने महत्वपूर्ण निर्णयहरुमा अभिभावकहरुलाई अगाडि नै पत्र पठाउँदा पनि वहाँहरुको उपस्थिति हुँदैन । विद्यालयनजिक घर भएका अभिभावकहरुलाईसमेत वोलाउन मानिस पठाउनु पर्ने हुन्छ ।”

विगतलाई स्मरण गर्दै उनले फेरि थपे–

“२०६४ साल जेष्ठमा हावाहुरीले विद्यालयको छानो सबै उडायो । विद्यालयमा शिक्षण गर्ने अवस्था रहेन । त्यस्तो अवस्थामा समेत अभिभावकहरु कसरी स्रोत जुटाएर छानो मर्मत गर्ने भन्ने सम्बन्धमा छलफल गर्न विद्यालयमा उपस्थित भएनन् ।”

विद्यालयका प्र.अ.र शिक्षकहरुले अभिभावकहरु कममात्र विद्यालय आउने गरेको भन्ने गुनासोको सम्बन्धमा एकजना अभिभावकले भने–

“विद्यालयबाट कहिले काँही चिठी आउने गर्छ तर आफ्नो कारणले जान सकिदैन। घरमा कामको व्यस्तताले, सबै वितिरहेको हुन्छ । फेरि हामी गएर के नै पो हुन्छ र केही जानिदैन । पास फेल सुन्ने वेलामा जाने गरिएकै छ ।”

अन्य अभिभावकहरुको पनि विद्यालयमा हुने उपस्थितिसम्बन्धमा आसय उस्तै रहेको छ । विद्यालयमा अभिभावकहरुको उपस्थिति कम भएको कुरा समूह छलफलका सहभागीहरुले पनि स्वीकार गरे । विद्यालयका प्र.अ., शिक्षकहरु र अभिभावकको भनाइअनुसार अभिभावकहरु विद्यालयमा कमैमात्र आउने गरेको पाइयो भने विद्यालय र

अभिभावकवीच आवश्यक सम्बन्धको विकास हुन नसकेको देखियो । विद्यालयसँग सम्वद्ध सबै पक्षलाई समन्वय गरेर अगाडि बढाउन वैज्ञानिक व्यवस्थापनको सिद्धान्तलाई आधार मानी विद्यालयको सम्पूर्ण पक्षको व्यवस्थापनमा समुदायको पारस्परिक सहयोगको सम्बन्ध स्थापित गर्न आ–आफ्नो जिम्मेवारी र दायित्वको भावना विकसित गरी विद्यालयलाई अगाडि बढाउन नसकेको देखिन्छ ।

करफोक प्रा.वि.वाट प्राप्त जानकारीअनुसार अभिभावकहरु विद्यालयमा कम मात्रामा आउने गरेको पाइयो । विद्यालयको भौतिक अवस्थासुधारमा अभिभावकले कुनै प्रकारको चासो राखेको पाइएन । विद्यार्थीहरुले राज्यवाट पाउने छात्रवृत्तिहरु बुझ्ेर लिन मात्र अभिभावकहरु विद्यालयमा उपस्थित हुने गरेको पाइयो । अभिभावकहरु वार्षिक परीक्षाफल प्रकाशन हुने दिन विद्यालयमा उपस्थित हुने र आफ्ना वालवालिका परीक्षामा अनुत्तीर्ण भए विद्यालयका प्र.अ. र शिक्षकहरुसँग कक्षा चढाउन अनुरोध गर्ने गरेको पाइयो ।

भौतिक सुविधाको संरक्षणका सम्बन्धमा विद्यालयहरुको स्थलगत अध्ययनबाट प्राप्त भएको जानकारीअनुसार समुदायद्वारा व्यवस्थापन भएका विद्यालयहरुमा भौतिक सुबिधासंरक्षणका लागि समुदायले बढी चासो राखेको पाइएको छ ।

## ४.३ भौतिक सुविधाको प्रयोग र उपयोगिता

समुदायमा व्यवस्थापन हस्तान्तरण भएपछि विद्यालयको समग्र विकासका लागि विद्यालयव्यवस्थापनसमितिको अगुवाइमा छानिएका अभिभावकहरु, विद्यालयका शिक्षकहरुको सक्रियतामा भाग्योदय प्रा.वि.मा देखिएका तत्कालीन भौतिक पक्षलाई कसरी सुधार गर्ने भन्ने सम्बन्धमा वृहत् छलफल हुँदै आएको कुरा विद्यालयको निर्णयपुस्तिका अवलोकन गर्दा पाइयो । यही बैठकले गरेका निर्णयअनुसार अभिभावक र व्यवस्थापन समितिका पदाधिकारीहरुले आफूले सक्दो आर्थिक सहयोग उपलब्ध गराई खानेपानीको व्यवस्था, विद्यालय भवनको जीर्णोद्धार र रंगरोगन गर्ने कार्य गरेको पाइयो ।

अध्ययनक्षेत्रमा छनोटमा परेका पञ्चकन्या प्रा.वि.ले पनि समुदायमा व्यवस्थापन २७ हस्तान्तरण भएपछि आर्थिक र भौतिक पक्षमा राम्रो सुधार गरेको पाइयो । भौतिक पक्षवाट विद्यालयलाई राम्रो बनाउने उद्देश्यले वि.व्य.स.कै पहलमा अभिभावक र शिक्षकहरु समेतले चन्दा संकलन गरी उठेको रकम र एकमुष्ट अनुदानबाट प्राप्त

भएको पैसाले शिक्षक र विद्यार्थीका लागि अलगअलग पक्की शौचालयनिर्माण ,भवनमर्मत, फर्निचरनिर्माण , मर्मत र खानेपानीको लागि आकाशे पानीसंरक्षणको लागि विशेष व्यवस्था गरेको पाइयो ।

वि.व्य.स.ले खेलेको भूमिकाका सम्बन्धमा एकजना अभिभावकले भने–

> "यस वि.व्य.स.ले विद्यालयको निमित्त सकारात्मक काम गरेको छ । वालवालिकाहरुलाई विद्यालयमा नियमित उपस्थित गराउन अभिभावकहरुलाई वेलावखत भेटी वालवालिकाको शिक्षाको सम्बन्धमा छलफल तथा कुराकानी चलाउने गरेको छ । विद्यार्थीहरुलाई छात्रवृत्तिका लागि छनोट गर्न र छात्रवृत्ति वितरण गर्ने कार्यमा समेत वि.व्य.स.को उत्तिकै संलग्नता रहेको छ ।"

वि.व्य.स.को भूमिकाका सम्बन्धमा शिक्षकहरुले पनि अन्तर्वार्ताको क्रममा खुलेर प्रशंसा गरे । शिक्षकहरुले वि.व्य.स.को भूमिकाका सम्बन्धमा चर्चा गर्दै वालवालिकाहरुलाई विद्यालयमा पठाउन, विद्यालयछोड्ने दर घटाउन, नियमितता बढाउन, विद्यालय संचालन र यसको रेखदेख गर्न, विद्यालयको भौतिक सुधार गर्न र वालवालिकाको पढाइको स्तर उकास्ने सम्बन्धमा अभिभावकलाई सचेत गराउन भेला , बैठक र अन्तर्क्रिया जस्ता कार्यक्रमहरु गर्ने गरेको बताए । शिक्षकहरुसँग गरिएको अन्तर्वार्ताबाट प्राप्त जानकारीले अभिभावकहरुले वि.व्य.स.को भूमिकाका सम्बन्धमा दिएको जानकारीलाई थप पुष्टि गर्‍यो ।

समुदायमा व्यवस्थापन हस्तान्तरण नभएका वि.व्य.स.को भूमिकाका सम्बन्धमा पनि जानकारी लिन वि.व्य.स.का सदस्यहरु, अभिभावकहरु र शिक्षकहरुसँग सम्पर्क गरियो । करफोक प्रा.वि.का शिक्षकहरुसँग वि.व्य.स.को भूमिकाका सम्बन्धमा प्रतिक्रिया लिँदा नेपाल सरकारको नीति नियम अनुसार शैक्षिक सत्रको सुरुमा घरदैलो भेटघाट कार्यक्रम अन्तर्गत छोराछोरी विद्यालयमा नपठाउने अभिभावकका घरघरमा गएर छोराछोरीलाई विद्यालय पठाउन सम्झाउने गरेको, गा.वि.स.को योजना तर्जुमा गर्ने समयमा विद्यालयको भौतिक उन्नतिका लागि वजेटमाग गरी भवन निर्माण र मर्मत गर्ने सम्बन्धमा कार्य गरेको, विभिन्न दातृनिकायहरुसँग विद्यालयको भौतिक अवस्थासुधारका लागि वजेटमाग गर्ने गरेको र प्राप्त भएको रकमबाट विद्यालयको विकासनिर्माणसँग सम्बन्धित काममा खर्च गरेको पाइयो । विद्यालय र समुदायवीच निरन्तर सम्पर्क कायम गरी सुमधुर सम्बन्ध स्थापना, आवश्यक पारस्परिक अन्तर्क्रिया

र सामूहिक भेलाहरु आयोजना गर्न नसकेको कुरालाई भने वि.व्य.स.का अध्यक्षले समेत महसुस गरे ।

विद्यालयप्रति अभिभावकको चासो बढाउन र समुदाय र विद्यालयका वीचमा सुमधुर सम्बन्ध बनाउन नसकिएको स्थितिले आपसी मानवीय सम्बन्धको विकास नहुने देखियो । यस देखाइले मानवसम्बन्धसिद्धान्तलाई स्मरण गराउँछ । चेतनाको अभाव भएका कारणले पिछडिएका अभिभावक एवं समुदायका सदस्यहरुले आफ्नो कार्य र दायित्वलाई राम्रोसँग नबुझेका हुन सक्छन् । चेतनाबाट वञ्चित समुदायलाई जागरुक गराई शिक्षा प्रतिको दायित्व महशुस गराउन विद्यालयले सामूहिक चेतनाका कार्यक्रमहरु संचालन गर्नु पर्दछ । आफ्ना वालवालिकाहरुलाई पढाउने विद्यालयले आफूप्रति गरेको व्यवहार सकारात्मक छ छैन भनी अभिभावकले पनि थाहा पाउनु पर्दछ। पारस्परिक सम्बन्ध कायम गर्न, आफ्नो व्यवहार एवं धारणामा  परिवर्तन ल्याई सरसल्लाह एवं समझदारी कायम गर्न उपयुक्त हुन्छ भने विद्यालयले अभिभावकप्रति गरेको धारणामा परिवर्तन ल्याउन जरुरी हुन्छ । विद्यालयको सांगठनिक संरचना अनुसार वि.व्य.स., प्र.अ., शिक्षकहरु र अभिभावकका वीचमा आपसी मानवीय सम्बन्धले विद्यालयको व्यवस्थापनमा थप सहयोग  मिल्छ । वि.व्य.स. र विद्यालयका सम्पूर्ण सरोकारवालाहरुको वीचको सम्बन्धलाई सकारात्मक बनाई सरकार तथा अभिभावकले शैक्षिक क्षेत्रमा गरेको नगद, जिन्सी तथा  श्रमलगानीलाई सार्थक तुल्याउन सकिन्छ । यसका लागि एक पक्षको सक्रियता र सकारात्मक व्यवहारको कमीले यो सम्बन्ध अपाङ्ग हुने भएकाले सम्बन्धित सबै पक्ष सचेत, जागरुक र सहयोगी हुनु आवश्यक देखिन्छ ।

वि.व्य.स.का सदस्यहरुमा समावेशीको अवस्था कस्तो रहेको छ भनी अध्ययन गर्दा समुदायद्वारा व्यवस्थित भाग्योदय प्रा.वि. र पञ्चकन्या प्रा.वि.मा महिला, दलित र पिछडिएका वर्गको समेत प्रतिनिधित्व रहेको पाइयो भने सामुदायिक करफोक प्रा.वि. र कृष्ण प्रा.वि.मा महिला र पिछडिएका वर्गको प्रतिनिधित्व भएको भए पनि करफोक प्रा.वि.मा दलितको प्रतिनिधित्व रहेको पाइएन । यस सम्बन्धमा करफोक प्रा.वि.का वि.व्य.स.का अध्यक्षले भने–

> "महिला पिछडिएका वर्ग र दलितहरु मात्र नभएर अरु जातका मानिसहरु समेत वि.व्य.स.मा बस्ने कुराप्रति खुलेर चासो देखाउँदैनन्  । दलित जातिका

मानिसहरुलाई समितिमा बस्न आग्रह गर्दा पनि उनीहरु उत्सुक हुँदैनन् । किनभने उनीहरुसँग विद्यालयलाई दिने समय छैन वा उनीहरु अरु समुदायका मानिसहरु सँगसँगै बसेर काम गर्नमा हिच्किचाउने पनि गर्दछन्।"

यसरी एउटै समुदायमा बसेर पनि छुवाछुतको कुप्रथा विद्यमान रहेको र त्यो सोचाइबाट दलितहरु माथि उठ्न नसकेको विद्यालयव्यवस्थापनसमितिका अध्यक्षको भनाइबाट देखियो । मानवसम्बन्धसिद्धान्तका अनुसार सांगठनिक क्रियाकलापमा सबैलाई सहभागी गराउँदा मात्र संगठनको पूर्व निर्धारित लक्ष्य हासिल हुन सक्छ भन्ने *जर्ज इल्टन मायोको* चिन्तन व्यावहारिक रुपमा कार्यान्वयन हुनुपर्ने देखियो । माथिल्लो र तल्लो जात भनिने दुवै वर्ग र समुदायमा सामाजिक जागरण हुनुपर्ने महसुस गरियो ।

## ४.४ भौतिक सुविधाको बढोत्तरीमा देखिएका समस्या

विद्यालयको भौतिक सुविधाको बढोत्तरीमा राज्य पक्ष र समुदाय दुवैले सक्रिय भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । विद्यालयसँग सम्बध्द विविध विषयहरुमा विद्यालयको समुदायसँगको सामिप्यताले ठूलो भूमिका खेलेको हुन्छ । विद्यालयमा संचालन हुने कार्यहरुमा अभिभावकहरुको सहभागिताले विद्यालय आफ्नो हो भन्ने भावना जागरण हुन्छ। यस सन्दर्भमा भौतिक अवस्था सुधारका लागि विद्यालयको लेखा पारदर्शी बनाउन सामाजिक लेखापरीक्षणका  सम्बन्धमा स्थलगत अध्ययनबाट निम्न अनुसारका तथ्यहरु प्राप्त भएका छन् ।

सामाजिक लेखापरीक्षणलाई पनि समूहछलफलको विषय बनाइएको थियो । सामाजिक लेखा परीक्षणका सम्बन्धमा समुदायद्वारा व्यवस्थित र सामुदायिक विद्यालयका अभिभावकहरुवीचमा गरिएको छलफलमा समुदायमा हस्तान्तरण भएका विद्यालयसम्बद्ध अभिभावकहरु सामाजिक लेखापरीक्षणको सम्बन्धमा बढी जानकारी राख्ने पाइयो । उनीहरुलाई विद्यालयले संलग्न पनि गराएको छ । अभिभावकहरुले विद्यालयका आर्थिक लगायत सम्पूर्ण अवस्थाको वारेमा आफै संलग्न भएर बुझ्ने अवसर पाइएको भन्ने धारणा व्यक्त गरे । सामाजिक लेखापरीक्षणका सम्बन्धमा एक जना अभिभावकले भने–

"समुदायले विद्यालयको व्यवस्थापन जिम्मा लिएपछि सामाजिक लेखापरीक्षणको वारेमा जानकारी भयो । विद्यालयमा अभिभावकहरुलाई वोलाएर सामाजिक

लेखापरीक्षणको वारेमा  जानकारी गराइए पछि हामी समितिमा बसेर लेखापरीक्षण कार्यमा सहयोग पुऱ्याइरहेका छौं ।"

समुदायमा व्यवस्थापन हस्तान्तरण गरिएका विद्यालयहरुमा सामाजिक लेखा परीक्षणको सम्बन्धमा व्यापक रुपमा सचेतना र संलग्न गराउने कार्य भएको समूहछलफलका सहभागीहरुले बताए ।

समुदायमा व्यवस्थापन हस्तान्तरण नभएका विद्यालयमा सामाजिक लेखापरीक्षणका सम्बन्धमा सचेतना कार्यक्रमहरु संचालन गरेको पाइएन । विद्यालयले पनि यस सम्बन्धमा कुनै प्रकारको अभियान र सचेतना कार्यक्रम गरेको पाइएन। न त स्रोत केन्द्र र जि.शि.का.ले नै गरेको छ । समूहछलफलमा सहभागी धेरै अभिभावकहरुले यसवारे जानकारी नभएको बताए भने केही अभिभावकहरु जो साक्षर छन् , उनीहरुले सामाजिक लेखापरीक्षणका सम्बन्धमा बुझेको तर विद्यालयमा औपचारिकता  पूरा गर्न सामाजिक लेखापरीक्षणसमिति गठन गरिएको हुने र सोही समितिले काम गर्ने सबै अभिभावकलाई यसवारे जानकारी नहुने बताए ।

सामाजिक लेखापरीक्षणका सम्बन्धमा दुवै प्रकारका विद्यालयका अभिभावकहरुवीच गरिएको छलफलवाट के बुझिन्छ भने समुदायद्वारा व्यवस्थित विद्यालय सामुदायिक विद्यालयभन्दा अगाडि छन् । सामाजिक लेखापरीक्षणको अवधारणा विद्यालयहरुमा आए पनि विद्यालयहरुले व्यावहारिक रुपमा यसलाई लिन नसकेको देखिन्छ । कुनै सरकारी निकायहरुले पनि यसका निमित्त सचेतना कार्यक्रमहरु ल्याउन सकेको देखिदैन । वास्तवमा शैक्षिक लगानीलाई प्रतिफलमुखी, प्रभावकारी र कुशलतापूर्वक उपयोग गर्न तथा स्रोतविनियोजनलाई न्यायपूर्ण बनाउन र त्यसको लेखाजोखा गर्न समुदायले पाउनु पर्दछ । विद्यालयले गरेको आम्दानीखर्चका वारेमा, खर्चको पारदर्शिता तथा उपयोगिताको वारेमा विद्यालयले सरोकारवालाहरुलाई जानकारी गराउनु पर्दछ ।

भौतिक सुविधाको बढोत्तरीमा सा.ले.प.ले ठूलो प्रभाव पारेको अध्ययनले देखाएको छ।  सा.ले.प गरी लेखा पारदर्शी भएका विद्यालयमा समुदायले खुलेर सहयोग गर्ने गरेको देखियो भने लेखा पारदर्शी नगर्दा विद्यालय सञ्चालनमा आफूले योगदान गर्नुपर्ने विषयमा समुदायले चासो गरेको पाइएन ।

## ४.५ भौतिक सुविधाको प्रवर्धनका उपायहरु

अध्ययनको क्षेत्रमा समस्याहरुको पहिचान एक महत्वपूर्ण कार्य हो । समस्या के हो भन्ने कुराको सही पहिचान हुन सकेको खण्डमा समस्यासमाधानका धेरै विकल्पहरु अगाडि आउन सक्दछन्। समस्याको सही पहिचानबाट अनुसन्धानकर्त्तालाई धैर्यता र तार्किक सोचाइ प्राप्त गर्न सहज हुन्छ । समस्यापहिचान गर्न सकिएको खण्डमा समाधानका उपायहरु पत्ता लगाउन सकिन्छ । अध्ययनका क्रममा अभिभावक , शिक्षक, विद्यार्थी, वि.व्य.स.का पदाधिकारीहरुसँग गरिएको छलफल, प्रश्नोत्तर तथा अन्तर्वार्ताबाट विद्यालयको प्रभावकारी व्यवस्थापनका लागि अपनाउन सकिने उपायहरु यस अध्ययनमा विश्लेषण गर्न खोजिएको छ ।

भौतिक व्यवस्थापनसँग सम्वन्धित पक्षहरुमा कक्षाकोठालाई आकर्षक वनाउनुपर्ने, पर्याप्त हावा तथा प्रकाश छिर्न सक्ने बनाउनुपर्ने, खानेपानी, शौचालय , घेरावाराको व्यवस्थालाई अझ मजवुत बनाउनुपर्ने , विद्यार्थीको उमेर र स्तर सुहाउँदा डेस्क , वेन्चको प्रबन्ध गरिनुपर्ने, खेलमैदानको सुधार र संरक्षण गरिनुपर्ने जस्ता समस्याहरु चुनौतिको रुपमा रहेकाछन् ।

विद्यालयहरुमा भौतिक सुविधाको पर्याप्त व्यवस्था हुन नसक्नुमा नियमित रुपमा वि.व्य.स.को वैठक नहुनु , जनचेतनाको कमी हुनु , अभिभावकहरुमा अझै पनि विद्यालयप्रति चासो कम हुनु , विद्यालयका क्रियाकलापहरुमा अभिभावकहरुलाई संलग्न नगराइनु , पढेलेखेका वुद्धिजीवी , शिक्षक , कर्मचारी , समाजसेवीहरुमा विद्यालयप्रति चासो कम हुनु , वि.व्य.स.का सदस्यहरुमा व्यवस्थापन सम्बन्धी ज्ञान कम हुनु , स्थानीय स्रोत र साधनको पहिचान गरी प्राथमिकीकरण गर्न नसक्नु , विद्यालयको नीतिनिर्माणमा अभिभावकलाई संलग्न गराउन नसकिनु , विद्यालय र समुदायबीच प्रभावकारी संचार नहुनु , अभिभावकहरुमा सामूहिक जिम्वेवारी र जवाफदेहिता नहुनु जस्ता समस्याहरु रहेका छन् ।

देखिएका समस्याहरुलाई न्यूनीकरण गर्दै शिक्षण संस्थाको अवस्था सुदृढ गर्न विद्यालय र समुदायले के गर्न सकिएला भन्ने सम्वन्धमा छलफल गर्दा कृष्ण प्रा.वि.का प्र.अ.को भनाई यस्तो रहेको छ-

"समुदायलाई विद्यालय हाम्रो हो भन्ने भावना जागरण गराउने कुरा चुनौतीको रुपमा रहेको छ । वि.व्य.स.का सदस्यहरुमा पनि खासै सुझबुझको

विकास भएको हुँदैन । विद्यालय संचालन गर्ने जिम्मा त राज्यको पो हो , शिक्षक तलब र अन्य खर्च राज्यले उपलब्ध गराएकै हुन्छ । हाम्रो खासै काम के हुन्छ र ?” भन्ने रहेको छ ।

समुदायद्वारा व्यवस्थापन भएको विद्यालय भाग्योदय प्रा.वि. को स्थलगत अध्ययनमा भने भौतिक सुविधाको प्रवर्धनका सम्बन्धमा गरिएको वि.व्य.स. र शि.अ. संघको संयुक्त भेलामा पृथक विचारहरु व्यक्त भएका छन् ।

भाग्योदय प्रा. वि. का अध्यक्षको भनाइमा यस्तो आएको छ -

“विद्यालयको व्यवस्थापन गर्ने जिम्मा समुदायमा आएपछि राज्यले समुदायमाथि विश्वास गरेर थप दायित्व दिएको छ । विद्यालय हाम्रो गहना हो । विद्यालयको भौतिक विकासका लागि दातृनिकाय ,संघ सस्था , गा.वि.स. जि.वि.स. र जि. शि. का. सँग आवश्यक थप सहयोगका लागि पहल गर्ने गरिएको छ । स्थानीय समुदायमा देउसी , भैलो र दानदातव्यका साथै त्यहाँ उपलब्ध सामग्रीहरु समेतबाट विद्यालयलाई थप आकर्षक बनाउने प्रयास भएको छ ।”

एक जना अभिभावकले बाहिरबाट अध्ययनभ्रमण तथा अन्य सिलसिलामा आउने अभ्यागत तथा आगन्तुकहरुलाई आफ्ना सारा व्यवहार छोडेर अध्यक्षले विद्यालयमा भ्रमण गराउने गरेको छ भन्ने आशयले पनि समुदायद्वारा व्यवस्थापन गरिएका विद्यालयमा समुदायको धेरै चासो रहेको र भौतिक सुबिधाको प्रवर्धनकालागि उपायहरुको खोजी गर्ने गरेको पाइयो ।

## परिच्छेदः पाँच

## प्राप्ति, निष्कर्ष र सुझाव

### ५.१ प्राप्तिहरु

यस परिच्छेदमा परिच्छेद चारमा प्रस्तुत गरिएका तथ्याङ्क र तिनीहरुको विश्लेषणमा प्राप्त भएका प्राप्तिहरुलाई अलगअलग शीर्षकभित्र समेटिएको छ । अध्ययनमा प्राप्त भएका नतिजाहरुलाई आवश्यकताअनुसार पूर्वसाहित्यको अध्ययनसँग पनि जोडेर हेर्ने प्रयास गरिएको छ ।

समुदायद्वारा व्यवस्थित र सामुदायिक दुवै प्रकारका विद्यालयमा भौतिक सुविधाको रुपमा सामान्य सुविधामात्र उपलब्ध भएको अवलोकनका क्रममा देखियो । कक्षाकोठा तथा कार्यालयकोठामा फरक देखिएन । कक्षाकोठामा आवश्यक फर्निचरहरु ( डेस्क,वेञ्च) समुदायद्वारा व्यवस्थित विद्यालयको तुलनामा सामुदायिक विद्यालयमा पर्याप्त देखियो । यसको कारण प्रतिडेस्कवेञ्च विद्यार्थीसंख्या र प्रतिकक्षाकोठा विद्यार्थी संख्यामा फरक देखियो । सामुदायिक विद्यालयहरुमा प्रतिडेस्कवेञ्च विद्यार्थीसंख्या औषत रुपमा ३ जना र प्रतिकक्षाकोठा विद्यार्थीसंख्या २२ जना रहने गरेको पाइयो भने समुदायद्वारा व्यवस्थित विद्यालयहरुमा प्रतिडेस्कवेञ्च विद्यार्थीसंख्या ५ जना भन्दा माथि तथा प्रतिकक्षाकोठा विद्यार्थीसंख्या ४८ जना सम्म रहेको देखियो । भौतिक सुविधाको उपलब्धता सम्बन्धी एउटा अध्ययन (TRSE I,2006) ले प्रतिकक्षाकोठा विद्यार्थीसंख्या ३७ जना सम्म पर्ने गरेको देखाएको छ ।

शिक्षा मन्त्रालय (२०६६) ले तयार पारेको “विद्यालयक्षेत्रसुधारयोजना” नामक लेखमा प्रत्येक कक्षामा विद्यार्थीको उमेर र उचाईअनुसारको आफ्नै फर्निचर व्यवस्था हुनुपर्दछ भने कोठाको भुइँको व्यवस्था पनि उमेर समुहकालागि सुहाउने हुनुपर्छ। हरेक कक्षाकोठामा एउटा पुस्तक राख्ने र्याक, शिक्षकका लागि लेख्न कालो/ सेतो पाटी, शैक्षिक सामग्रीको भण्डारका लागि एउटा दराज, प्रदर्शनको व्यवस्था र सबै विद्यार्थीका लागि पुग्ने संख्यामा पर्याप्त डेस्क र बेञ्च हुनुपर्दछ । सबै विद्यालयमा एउटा छात्र र छात्राका लागि कम्तीमा १/१ वटा छुट्टाछुट्टै शौचालय हुनुपर्दछ । कक्षा १-५ सम्मको प्राथमिक विद्यालयमा कम्तीमा ३ वटा छुट्टै शौचालय हुनुपर्दछ । ती मध्ये छात्राका लागि कम्तीमा एउटा हुनुपर्दछ । यी शौचालयहरु सफा गर्न डिटरजेन्ट सहित आवश्यक मात्रामा पानीको आपूर्ति हुनुपर्दछ । सबै विद्यालयमा आफ्नै स्रोतको पिउने

पानीको व्यवस्था हुनुपर्दछ भनिएकोमा यस अध्ययनमा खानेपानी र शौचालयका सम्बन्धमा दुवै प्रकारका विद्यालयमा सामान्य शौचालयको प्रबन्ध भएको देखिएको छ भने भौगोलिक विकटताको कारणले समुदायद्वारा व्यवस्थित विद्यालयमा धेरै परिश्रम र मेहेनतका साथ पानी उपलब्ध गराउन खोजिएको देखिन्छ। यसरी खानेपानीको सुविधा सामुदायिक विद्यालयमा राम्रो देखियो ।

एक अध्ययन (वर्ज्राचार्य र सिग्देल,२००७)ले समुदायमा हस्तान्तरण भएका सबै विद्यालयमा शौचालय र खानेपानीको सुविधा उपलब्ध नभएको देखाएको छ । नमुना विद्यालयहरुमा अवलोकनको क्रममा सतप्रतिशत खेलमैदान रहेको देखियो तर उही अध्ययन (वज्राचार्य र सिग्देल,२००७) ले १६ प्रतिशत मात्र विद्यालयहरुमा खेलमैदान उपलब्ध भएको देखाएको छ । यस अध्ययनमा दुवै प्रकारका विद्यालयमा पुस्तकालयको उपलब्धता रहेको देखिदैन भने ५० प्रतिशत विद्यालयमा विद्युतसेवाको उपलब्धता रहेको देखिन्छ । समुदायद्वारा व्यवस्थित विद्यालयमा टेलिफोनसेवा उपलब्ध छैन भने सामुदायिक विद्यालयमा फोनसेवा उपलब्ध भएको देखियो । एक अध्ययन(TRSE I,2006) ले प्रा.वि.मा ३५ प्रतिशतमा पुस्तकालय सुविधा र २४ प्रतिशतमा विद्युतसेवा उपलब्ध भएको देखाएको छ ।

विद्यालयहरुको व्यवस्थापन समुदायमा हस्तान्तरण गर्दै लैजाने नीति अनुसार वि.व्य.स.को भूमिकाका सम्बन्धमा आगामी वर्षहरुमा विद्यालयलाई कसरी अगाडि लैजाने? भावी कार्यक्रम के हुने ? विद्यालयको आर्थिक, भौतिक र विद्यार्थीभर्नादरमा कसरी वृद्धि गर्ने ? अभिभावकहरुलाई कसरी सचेत र जागरुक बनाउने ? भन्ने सम्बन्धमा छलफल र कुराकानी चलाउने गरेको भन्ने उल्लेख भएपनि एक अध्ययन(CERID,2003) ले व्यवस्थापन हस्तान्तरण गरिएको विद्यालयका वि.व्य.स.सँग सम्वद्ध पदाधिकारीहरु अव के गर्ने भन्ने बारेमा अन्यौलमा रहेको कुरा पत्ता लगाएको छ। यस अध्ययनमा अभिभावकहरुको विद्यालयमा उपस्थिति वढेको, विद्यालय आफ्नै सामाजिक सम्पति हो भन्ने भावनाको विकास भएर विद्यालयलाई आवश्यक आर्थिक, भौतिक सहयोगसमेत गर्ने गरेको तथा विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण गर्ने नीतिप्रति समग्रमा अभिभावकहरुको अवधारणा सकारात्मक रहेको देखिएको छ । समुदायमा व्यस्थापन हस्तान्तरण भएका विद्यालयमा गरिएको एक अध्ययन(PPCC,2007) ले हस्तान्तरणप्रति अभिभावकहरुको धारणामा एकमत हुन

नसकेको तथ्य अगाडि सारेर यसप्रति मत विभाजन भएको देखाएको छ । यस अध्ययनमा समुदायमा हस्तान्तरण नभएका विद्यालय सम्वद्ध अभिभावकहरुको विद्यालयप्रति चासो कम हुँदै गएको तथ्य फेला पऱ्यो । यस्तै तथ्य लेख (भण्डारी,२०६१) सँग मिल्न गयो । त्यसै गरेर दुवै प्रकारका विद्यालय सम्वद्ध अभिभावकहरुवीच राखिएको छलफल र कुराकानीबाट के बुझियो भने सामाजिक लेखा परीक्षणमा सामुदायिक विद्यालयहरु भन्दा समुदायद्वारा व्यवस्थित विद्यालयहरु अगाडि देखिएका छन् । यस्तै तथ्य अध्ययन (वज्राचार्य र सिग्देल,२००७)ले समेत सार्वजनिक गरेको छ ।

विद्यालयले आफ्नो दैनिक कार्यलाई अगाडि बढाउन, शिक्षक कर्मचारीलाई आफ्नो पेशाप्रति मर्यादित बनाउन र जिम्मेवारी तथा दायित्ववोध गराउन सामुदायिक र समुदायद्वारा व्यवस्थित दुवै प्रकारका विद्यालयले शिक्षक र वि.व्य.स.को सम्बन्धलाई जीवन्त तुल्याइराख्न र आफ्नो कर्तव्यको सर्वदा ख्याल राखी रहन निश्चित प्रकारका नियम तथा आचारसंहिता निर्माण गर्नुपर्दछ । यस अध्ययनमा दुवै प्रकारका विद्यालयले आफ्नो विद्यालय सुहाउँदो र सबैलाई मान्य हुने नियमहरु बनाएको देखिए पनि एक अध्ययन(CERID,2003) ले समुदायद्वारा व्यवस्थित विद्यालयले कुनै प्रकारको नियम र नियमितताको विकास नगरेको देखाएको छ ।

### ५.२ निष्कर्ष

यस अध्ययनकालागि प्राप्त भएका तथ्याङ्कहरुको विश्लेषणका आधारमा निष्कर्षहरु प्राप्त भएका छन् । थोरै नमूना र सानो क्षेत्रमा अध्ययन गरी निष्कर्ष प्राप्त भएकाले अध्ययनको परिसीमामा भने झैं राष्ट्रिय रुपमै प्रतिनिधित्व गर्ने खालका नहुन सक्छन् तर अध्ययनक्षेत्रसँग मिलदोजुल्दो परिस्थिति भएका ठाउँहरुमा भने मिल्न सक्ने कुरामा म विश्वस्त छु ।

विद्यालयको भौतिक अवस्थाको सम्बन्धमा प्राप्त जानकारी र अवलोकनबाट के देखियो भने समुदायद्वारा व्यवस्थित विद्यालयले समुदायमा हस्तान्तरण भएपछि केही सुधारको प्रयास गरेको देखिन्छ तर वर्तमान अवस्थामा दुवै प्रकारका विद्यालयको भौतिक अवस्था हेर्दा उल्लेख्य भिन्नता देखिदैन ।

सरोकारवालाहरुको आपसी समझदारीमा विद्यालयले नियम र नियमितताको विकास गर्न सके सवैलाई आफ्नो जिम्मेवारीवोध गराउन सहयोग गर्दछ । यस्तो जिम्मेवारीवोध विशेष गरी शिक्षकहरुमा पर्दछ र त्यसले सामान्य परिस्थितिमा

विद्यालयमा उपस्थित नहुने प्रवृतिलाई अन्त्य गर्दै नियमित उपस्थितिको लागि सचेत गराउँछ भन्ने निष्कर्ष मेरो अध्ययनको रहेको छ । त्यसैगरी वि.व्य.स.मा लैङ्गिक, जातिगत, विपन्न र पिछडिएका वर्गको समावेशीकरण गर्दा त्यसले सरोकारवालाहरु सबैको साथ पाउने र विद्यालय हाम्रो सामाजिक सम्पत्ति हो भन्ने धारणाको समेत विकास हुने अर्को निष्कर्ष रहेको छ ।

संक्षेपमा भन्नुपर्दा सामुदायिक र समुदायद्वारा व्यवस्थित दुबै प्रकारका विद्यालयहरूमा भिन्नताहरु देखिएका छन् । भिन्नता देखिनुमा विद्यालयप्रति अभिभावकको चासो वढ्नु , विद्यार्थीको नियमितता, वि.व्य.स.को सक्रिय भूमिका जस्ता कारणहरु मूख्य रुपमा देखिए । यस्तो भिन्न्ताले सामुदायिक विद्यालयहरूलाई केही न केही प्रभाव पारेको छ ।

निष्कर्षको रुपमा के भन्न सकिन्छ भने २०२८ सालदेखि विद्यालय र समुदायवीचको टुटेको सम्बन्धलाई विद्यालयको व्यवस्थापन हस्तान्तरण कार्यक्रमले पुनः जोड्ने काम गरेको छ ।

**५.३ सुझावहरु**

यस अध्ययनबाट प्राप्त प्राप्ति र निष्कर्षको आधारमा शिक्षा क्षेत्रका विभिन्न तहमा उपयोगी हुन सक्ने निम्न सुझावहरु प्रस्तुत गरिएको छ ।

क. नीतिनिर्माण (केन्द्रीय) तहबाट गरिनु पर्ने कार्यः :-

समुदायद्वारा व्यवस्थित विद्यालयमा समुदायको सक्रिय सहयोग देखिएकाले आगामी दिनहरुमा सबै तहका विद्यालयहरुलाई समुदायद्वारा संचालित हुन प्रेरित गर्ने । यस कार्यका लागि विद्यालयका सरोकारवालाहरुसमक्ष व्यवस्थापन हस्तान्तरणको सही उद्देश्यको वारेमा चेतना जगाउने । समुदायद्वारा व्यवस्थित विद्यालयहरुले विद्यालयको समग्र विकासका लागि खेलेको भूमिका र शैक्षिक, भौतिक प्रगतिका आधारमा त्यस्ता विद्यालयहरुलाई थप प्रोत्साहनअनुदान उपलब्ध गराउँदै जाने जसले गर्दा अरु विद्यालयहरुलाई पनि यसले प्रभाव पार्न सकोस् । शिक्षाका कार्यक्रमहरु राज्यले ल्याउँदा समुदायसँग पनि सल्लाह र सुझाव वटुल्न आवश्यक हुन्छ । प्राप्त भएका सल्लाह र सुझावहरु उपयुक्त देखिए शैक्षिक कार्यक्रममा सहभागी गराउनु पर्दछ । यसले तल्लो निकायका व्यक्तिहरुलाई बढी जिम्मेवार बनाउँछ । वि.व्य.स. र अन्य सांगठनिक क्रियाकलापहरुमा समावेशीकरणको सुनिश्चितता गरिनु पर्दछ । प्राथमिक

विद्यालयहरुमा भौतिक सुविधाको अवस्था ज्यादै कमजोर छ । कक्षाकोठा, फर्निचर र शिक्षण सामग्रीहरु अपर्याप्त छन् । यी सम्पूर्ण पक्षमा सुधार ल्याउन राज्यले आर्थिक लगानी बढाउनु पर्दछ ।

ख. सरकारी स्तरवाट गर्नसकिने कार्यहरु :-

विद्यालय निरीक्षण तथा अनुगमन गर्ने सम्वन्धमा *टायलर*ले भने जस्तै राम्रो कामका लागि पुरस्कार र नराम्रो कामका लागि दण्डको व्यवस्था गर्ने । यस कार्यले शिक्षकहरु विद्यालय नियमित आउने र उच्च मनोवलका साथ काम गर्ने गर्दछन् । यसले विद्यालयव्यवस्थापनमासमेत सुधार ल्याउन सकिन्छ । वि.व्य.स.लाई उत्कृष्ट कार्य गरे वापत पुरस्कृत गर्ने र  त्यस्ता उत्कृष्ट कार्यहरुका वारेमा अन्य वि.व्य.स.समक्ष उदाहरणको रुपमा पेश गर्ने । वि.व्य.स.का पदाधिकारीहरुलाई अभिमुखीकरण कार्यक्रम र तालिम संचालन गर्ने जस्ता कार्यहरु गर्नुपर्दछ ।

ग.	विद्यालय तहबाट गर्नसकिने कार्यहरु :-

विद्यालयसंचालनमा सहजता ल्याउनका लागि विद्यालय आफैले आफ्नो आयश्रोतको परिचालनबाट आम्दानी जुटाउने कार्यमा लाग्नु पर्दछ जसले गर्दा विद्यालयलाई अरुको मुख ताक्नु पर्ने अवस्था रहँदैन । विद्यालयका सम्पूर्ण गतिविधिहरुमा सरोकारवालाहरुको प्रत्यक्ष सहभागिता गराउनु पर्दछ । अभिभावकहरुलाई विद्यालयको नियमित भ्रमण गर्न उत्साहित गर्नुका साथै समयसमयमा अभिभावकहरुको भेला आयोजना गर्नु पर्दछ ।

घ.	अनुसन्धानबाट गर्न सकिने कार्य :-

समुदायद्वारा व्यवस्थित विद्यालय र सामुदायिक विद्यालयको आर्थिक, भौतिक र विद्यालयसँग सम्बन्धित अन्य पक्षमा अन्तर देखा परेको छ । समुदायमा व्यवस्थापन हस्तान्तरण गरिएका विद्यालयहरु सवल देखिए । तथापि सम्पूर्ण सामुदायिक विद्यालयहरु समुदायमा हस्तान्तरण हुन सकेका छैनन् । यसको उदाहरण सरकारले लक्ष्य राखेजति विद्यालयहरु निर्धारित समयावधिमा हस्तान्तरण हुन नसक्नु हो । आर्थिक र प्राविधिक सहयोग पनि उपलब्ध गराउँदै जाने ऐन नियम मै स्पष्ट व्यवस्था गरिएको सन्दर्भमा किन सबै सामुदायिक विद्यालयहरु समुदायमा हस्तान्तरण हुन चाहदैनन् ? भन्ने विषयमा थप अध्ययन अनुसन्धान गर्नुपर्ने देखिन्छ ।